# एकाइ – एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल एउटा बहुजाति (आर्य, खस, मंगोल, किराँत) र बहुधर्म, बहुसंस्कृति भएको समाजको सङ्गमस्थल हो । यसरी बहुजाति, बहुभाषा र बहुधर्म संस्कृतिबाट बनेको सिंगो नेपाली समाज अनेकताबाट बनेको एक एकाइ हो । यहाँ एकता भित्र अनेकता पाइन्छ अर्थात् अनेक एकाइहरूको समष्टी एकाइको रूपमा यो राष्ट्र प्रतिष्ठित छ (दाहाल, २०४१ )।

यसैगरी प्रयागराज शर्मा (१९७७) ले जातीय संरचनालाई यसरी प्रस्तुत गरेका छन्-

तागाधारी- दुई पटक जन्मने जात ।

मतवाली -मदिरा पिउने जात

पानी नचल्ने - छोइछिटो हाल्नु नपर्ने जात ।

पानी नचल्ने - छोइछिटो हाल्नु पर्ने जात ।

यसरी शर्माले विभिन्न जातिहरूलाई श्रृङ्खलावद्ध रूपमा वर्गीकरण गरेका छन् । तागाधारी समूहलाई पहिलो जातिको रूपमा राखेका छन् । तागाधारी समूह जनै लगाउने जाति हो जसलाई दुईपटक जन्मने जात पनि भनिन्छ । यी जातिले ब्रतवन्धपछि शुद्धता प्राप्त गर्दछन् । तागाधारीलाई चार भागमा बाँडेका छन्, जसमा उपाध्याय ब्राह्मण, राजपूत, ठकुरी, जैशी ब्राह्मण र क्षत्री (शर्मा, १९७७) ।

यसरी नेपाली समाज प्रारम्भिक कालदेखि नै संयुक्त परिवार प्रथाको पक्षपाती रहिआएको छ । वर्तमान समयसम्म पनि यो प्रथा कायमै छ । वर्तमान समयमा आएर वि.सं. २०२१ को मुलुकी ऐनले समेत स्पष्ट रूपले बाबुको जिउ छउन्जेल अंश दिन छोराहरूले बाबुलाई बाध्य गराउन सक्ने छैनन्, म अहिले छुट्टिन्न भन्ने छोरालाई बाबुले कर लगाई छुट्याउन पनि हुँदैन भनेर उल्लेख गरेको छ । संयुक्त परिवार भएकै कारण सम्पत्तिको हकवाला निश्चित गर्दा पनि सात पुस्तासम्मको दाजुभाइको हिसाब गर्ने गरिन्छ (खत्री, २०५३) ।

जन्मदेखि मृत्युपर्यन्त गर्नुपर्ने अनेकौं संस्कारमध्ये विवाह सबैभन्दा महत्वपूर्ण संस्कार हो । उमेर पुगेका युवा युवती बिचको स्वाभाविक चाहना, नयाँ घरजमको व्यवस्था, सन्तान उत्पादन गर्ने जस्ता कार्यहरूको लागि जुनसुकै समुदायमा वा परिवारमा विवाह अपरिहार्य कार्यको रूपमा विकसित भएको पाइन्छ । प्रागऐतिहासिक कालदेखि नै विवाह एक संस्थाको रूपमा उत्पत्ति र विकास हुँदै आएको छ । ऋग्वेद र अर्थवेदमा पनि विवाह गर्न उत्प्रेरित गरिएका र अविवाहितलाई अवहेलना र घृणा गरेका अनेकौं अभिव्यक्तिहरू भेटिन्छन् ।

विवाह धार्मिक, वैदिक विधानले गरिने संस्कार भएकाले दाम्पत्य जीवन निरन्तर रूपमा राखीराख्न उनीहरूले विवाहको क्रममा एकले अर्कालाई वहन गर्ने वा साथमा मिलाउने कार्यमा प्रतिज्ञा गर्दछन् । अर्को महत्वपूर्ण पक्ष पाणि ग्रहण पनि हो । त्यसैले मनुस्मृतिमा विवाहको प्रमुख कार्यको रूपमा एकले अर्कोलाई परस्पर हात समातेर साथ दिने वा वहन गर्ने गरिन्छ । कन्या एक पटक मात्र दान गरिन्छ । एक जनालाई वचन दिएर अर्कालाई नदिनु, दण्ड लाग्ने छ (याज्ञवल्क्य, १९८०) ।

सामाजिक जीवनमा आइपर्ने जन्म, मृत्यु तथा विवाह जस्ता घटना अथवा संस्कारले मानव जीवनमा महत्वपूर्ण प्रभाव पारेको हुन्छ । सृष्टिको विस्तारका लागि स्थापित विवाह प्रथा नै मानव जीवनको व्यावहारिक जीवनलाई प्रतिपालन गर्ने महत्वपूर्ण सम्बन्धको सूत्र हो । त्यसैले मानव जीवनको लागि विवाह अत्यन्तै आवश्यक छ । विश्वका विभिन्न ठाउँहरूमा तथा विभिन्न जाति अनुरूपको विवाहका अनेक रूप पाइन्छन् । विवाहको किसिमबारे चर्चा गर्ने हो भने प्राचीन समयदेखि विवाहका विभिन्न रूपहरू विकसित भइरहेका छन् । तत्कालीन समयमा थुप्रै किसिमको विवाह पद्धतिहरू प्रचलित रहेको भए पनि हाल आएर ती सबै मान्यता प्राप्त नहुनाका साथै हाल प्रचलनमा आएको पाइँदैन । हाम्रो हिन्दु धर्मशास्त्रका अनुसार आठ किसिमको विवाह उल्लेख गरेको पाइन्छ (सुवेदी, २०५६ ) ।

१. ब्राह्म- बाबु आमाले एउटा असल पढे लेखेको वर खोजी आफ्नो छोरीलाई उपहारको रूपमा सुम्पनु ।
२. दैव- एउटा सुपात्र ब्राह्मणलाई दक्षिणाको रूपमा छोरी दिनु ।
३. आर्ष- विवाह गर्ने केटाले विवाह गर्नु पूर्व केटीको बाबुलाई उपहारको रूपमा गाई, गोरुहरू प्रदान गरी गर्ने विवाह ।

४. प्रजापत्य- धार्मिक विधि अनुसार दुबैलाई एकै साथ जीवन व्यथित गर्न सल्लाह दिएर बाबुले छोरीको विवाह गरिदिनु ।

५. गान्धर्व- केटाकेटी दुबै आपसमा मिलेर प्रेम गर्ने र आफै भागेर विवाह गर्नु ।

६. आसुर- यो एक किसिमको केटी लुट्नु जस्तै अपहरण गर्नु ।

७. राक्षस- जवरजस्ती विवाह गर्नु, बलपूर्वक विवाह गर्नु ।

८. पैचास- प्रलोभन देखाएर जवरजस्ती आइमाईको धर्मनाश गरी विवाह गर्नु, सुतेको बखत नारीको अस्मिता लुटि प्रतिवादका बिच विवाह गर्नु ।

**मनुले यसलाई दुई समूहमा विभाजन गरेको पाइन्छ :**

१. धर्म विवाह- ब्राह्म, दैव, प्रजापत्य र आर्ष

२. अधार्मिक विवाह- गन्धर्व, राक्षस, आसुर, पैचास

यसबाट के स्पष्ट हुन्छ भने हिन्दु धर्मशास्त्रमा ८ किसिमको विवाह बारे उल्लेख गरेको भए तापनि ब्राह्म, दैव, आर्ष तथा प्रजापत्यलाई मात्र तत्कालीन समाजले स्वीकृति प्रदान गरेको थियो । कुनै कुनै विद्वान्ले गान्धर्व विवाहलाई अर्को छुट्टै विशेष समूहमा राखेको पाइन्छ भने आसुर विवाहलाई मनुले अकानुन घोषित गरेका थिए (मदानन्द मजुम्दर, १९८६) ।

प्राचीन हिन्दु धर्मशास्त्रमा विवाहको अनेक रूपहरू देखिएतापनि वर्तमान समयमा आएर विवाहको स्वरूपमा परिवर्तित हुँदै आएको छ भने माथिका यी विवाहको रूपहरू मध्ये गान्धर्व विवाह र ब्राह्म विवाह बाहेक प्रायः लोप भइसकेका छन् । तर नेपालमा कुनै कुनै जाति अथवा ग्रामीण क्षेत्रमा राक्षस (जबरजस्ती) विवाह गरेको पनि भेटिन्छ । हाम्रो समाजमा विभिन्न जाति अनुरूप एक पत्नी विवाह, बहुपत्नी विवाह, बहुपति विवाह, अन्तर्जातीय विवाह आदि किसिमका विवाह पाइन्छन् । हिन्दु विवाह प्रणालीमा सामाजिक सम्झौताको आधारमा महिला र पुरुषको एकतामा बढी जोड दिइएको पाइन्छ । साथै दुई परिवार बिचको एकतालाई जोड दिइन्छ । यसर्थ यो धार्मिक संस्था र प्रतीक पनि हो । विवाहद्वारा यी दुई परिवार बिच कालान्तरसम्म आपसमा बाँधिएका हुन्छन् र ती परिवार तथा कुटुम्बको कार्यात्मक सम्बन्ध पनि निकै पछिल्लो पिँढीसम्म पनि क्रियाशील रहन्छ ।

आधुनिक समयमा सिङ्गो सामाजिक संरचना परिवर्तनशील हुँदै गएको छ । सामाजिक संरचनामा रहेका प्रत्येक एकाइहरू पनि परिवर्तन हुँदै गएका छन् । यसै सन्दर्भमा नेपाली समाजमा परिवार तथा विवाह पद्धतिमा पनि परिवर्तन आएको छ । वर्तमान अवस्थामा सहरी समाजमा परिवारको स्वरूप एकात्मक परिवारतर्फ अगाडि बढेको पाइन्छ । यसको साथै ग्रामीण समाजमा पनि परिवारको स्वरूपमा परिवर्तन आई एकात्मक परिवारको ढाँचातर्फ उन्मुख हुँदै गएको पाउन सकिन्छ । नेपाली समाजमा विगतमा परिवारको स्वरूप संयुक्त परिवारको ढाँचामा थियो । तिन चार पुस्तासम्म परिवारका सदस्यहरू एउटै परिवारमा मिलीजुली बस्दथे । तर वर्तमान अवस्थामा आएर परिवारिक ढाँचामा परिवर्तन आएको छ । त्यसै गरी परिवारमा अन्तरजातीय विवाह, प्रेम विवाह आदिले पनि प्रश्रय पाएको देखिन्छ ।

## १.२ समस्याको कथन

क्षत्री जातिको बसोवासको बाहुल्यता २१ जिल्लामा बढी भए तापनि पूर्व मेचीदेखि पश्चिम महाकाली विशेषगरी मधेश र पहाडी क्षेत्रहरूमा फैलिएर रहेको पाइन्छ । परम्परागत रूपमा संयुक्त परिवारमा बस्ने क्षत्री जातिहरू हाल आएर एकात्मक परिवारतर्फ उन्मुख हुँदै छन् । मुख्य कारणमा विवाहपछि संयुक्त परिवारमा महिलाहरू बिचको बेमेल, एक्लै बस्दा छरितो र सुख बढी हुन्छ भन्ने धारणा, संयुक्त परिवारमा सासु-ससुरा, देवर, देउरानी आदि धेरै सदस्य बिचको पारिवारिक भार, आम्दानीको स्रोत, पारिवारका सदस्यका स्वभाव आदि कारणले संयुक्त परिवार भन्दा एकात्मक परिवारतर्फ समाज उन्मुख हुँदै छ (विष्ट, २०६४) ।

क्षत्री जातिले सामाजिक तथा धार्मिक संस्था अन्तर्गत विवाह विधिलाई पनि एक महत्वपूर्ण संस्थाको रूपमा लिँदै आएको पाइन्छ । हिन्दु समाज अन्तर्गत पहिले अनमेल विवाह, बालविवाह, विसङ्गतिका रूपमा थियो । ७-८ वर्षको उमेरमा रजस्वला नहुँदै कन्याको विवाह गर्ने प्रचलन एकातिर थियो भने अर्कातिर विधूवा विवाह निषेधित थियो । हालको मुलुकी ऐनको प्रावधान अनुसार महिलाको उमेर १८ वर्ष र पुरुषको उमेर २१ वर्ष विवाह योग्य उमेर तोकेको छ । विधवा विवाह तथा पारपाचुके गरी बसेकाले विवाह गर्न पाउने प्रस्ट कानुनी प्रावधान छ । परम्परागत रूपमा अन्तरजातीय विवाह, विधवा विवाह, प्रेम विवाह, रक्त समूह विवाह वा हाडनाता विवाह (सात पुस्तासम्म), आफ्नै वंश र

सगोत्रमा हुने विवाह प्रचलनमा आएको थिएन । हाल आएर माथिल्लो जाति मानिएका क्षत्री जातिमा प्रेम विवाह, अन्तरजातीय विवाहलाई पनि क्रमशः समाजले स्वीकार्न थालेको छ । प्राचीन हिन्दु विवाह अन्तर्गत बधुमूल्यको प्रचलन रहेको थियो भने हाल आएर दाइजो प्रथाले प्रश्रय पाएको छ । परम्परागत रूपले यज्ञ मण्डप स्थापना गरी विधि पुऱ्याएर विवाह गर्ने चलन अहिले पनि छ । प्रायः लगन दिवा समयमा पार्ने र मन्दिरमा विवाह गर्ने र अदालती विवाहको पनि चलन बढेको छ (भट्टराई, २०४६) ।

क्षत्री जातिको विवाहको पद्धतिबारे एक समाजशास्त्रीय अध्ययन गर्ने उद्देश्यले निम्न अनुसन्धान प्रश्नावलीलाई आधार मानिने छ :

- क्षत्री जातिको पारिवारिक संरचना र संस्कार के कस्तो छ ?
- क्षत्री जातिको परम्परागत वैवाहिक पद्धतिको कस्तो रुप रहँदै आएको छ ?
- क्षत्री जातिमा आधुनिक समयको प्रभावले विवाह पद्धतिमा के कस्तो प्रभाव पारेको छ ?

## १.३ अध्ययनको उद्देश्य

आधुनिकीकरणको प्रभावले गर्दा पुराना प्रचलन विस्तापित हुने र नयाँ नयाँ कुरा र विचारहरू स्थापित हुने क्रम बढ्दो छ । पुराना परम्परा, विचार, तथा संस्कृति छोडिदै वा परिष्कृत हुँदै अलग्गिँदैछन् । देखासिकीका प्रभावले भनौं वा परिणामले गर्दा समाज द्रुतगतिमा परिवर्तन भइरहेको छ । यस्ता परिवर्तनहरू समाजका धेरै संस्थाहरूमा आएको देखिन्छ । नेपाली समाजमा परिवारिक र विवाह पद्धति महत्वपूर्ण संस्थाको रूपमा रहेको छ । त्यस्तै परम्परागत रूपमा चल्दै आइरहेका बाल विवाह, बहुविवाह, अनमेल विवाह, विवाहको छनोट, विवाहका उद्देश्यहरू, अन्तर्जातीय विवाह आदिको समयानुकूल स्वरूप फेरिँदै छन् ।

यस अध्ययनले के निर्धारण गर्न खोजेको छ भने कुनै पनि जात जातिको अध्ययनले त्यस जाति भित्रको मात्र नभएर समग्र राष्ट्रिय संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्नमा ठुलो भूमिका खेलेको हुन्छ । साथै संस्कृतिका आधारभूत तथ्यहरूलाई जोगाई राख्ने, निरन्तरता दिने कुरा प्रत्येक जातजातिको अहम दायित्व भित्र पर्दछ । यस शोध कार्यको लागि कीर्तिपुर

नगरपालिका वडा नं. १२ लाई अध्ययन क्षेत्र छानिएको छ । त्यहाँ बसोवास गर्ने क्षत्री समुदायमा प्रचलित वैवाहिक पद्धति बारेमा अध्ययनलाई केन्द्रित गरिएको छ ।

यस अध्ययनको साधारण उद्देश्य क्षत्री समुदायको वैवाहिक पद्धतिबारे अध्ययन गर्नु हो भने विशेष उद्देश्यहरु निम्न छन् :

- क्षत्री जातिको पारिवारिक अवस्थावारे विश्लेषण गर्ने,
- क्षत्री जातिमा परम्परागत विवाहको स्थिति विश्लेषण गर्ने ,
- क्षत्री जातिमा आधुनिकताले वैवाहिक स्थितिमा के परिवर्तन ल्यायो चर्चा गर्नु ।

## १.४ अध्ययनको महत्व

कुनै पनि जातिका संस्कृतिहरू एकाएक आएर स्थापित भएका हुँदैनन् । तिनीहरू स्थापित हुनका लागि लामो समयदेखि उनीहरूको व्यवहार वा प्रचलनमा पनि विभिन्न किसिमका संस्कारहरू स्थापित हुँदै आइरहेको हुन्छ । परम्परागत रूपमा चल्दै आएका संस्कार वा संरचनाहरूमा के कस्तो किसिमको फरक आएको छ वा छैन ? यदि आएको छ भने आमूल परिवर्तन हो वा सीमित हो भन्ने जान्नु पनि अति आवश्यक छ । परम्परागत मूल्य मान्यतालाई सधैं भरी एकै किसिमबाट चलाउँदै जानु पर्दछ भन्ने छैन । तर परम्पराको नाउँमा सधैं एउटै कुरालाई निरन्तरता दिनु भने हुँदैन । यस अध्ययनमा समग्रमा क्षत्री जातिको वैवाहिक पद्धतिको बारेमा प्रचलनमा रहेका विषयलाई समेट्ने कोसिस गरिएको छ । त्यस्तै सामाजिक संस्थाहरूको बारेमा जानकारी लिन इच्छुक व्यक्ति वा संस्थाहरूलाई समेत यो शोधपत्रले सहयोग पुऱ्याउने छ ।

## १.५ अध्ययनको सीमा

कीर्तिपुर नगरपालिका वडा नं. १२ मा बसोवास गर्ने क्षत्री जातिको वैवाहिक पद्धतिको बारेमा अध्ययन गरिएको छ । क्षत्रीहरूको कूल घरसङ्ख्या ९० लाई समेट्ने गरी घरधुरी सर्वेक्षण गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यो अध्ययन नितान्त स्थानीय रितिरिवाज एवम् प्रचलनसँग सम्बन्धीत भएकाले अन्य क्षेत्रको अध्ययनसँग नमिल्न पनि सक्दछ । यो शोधपत्र तयार पार्ने क्रममा सीमित समय, स्रोत साधन, आर्थिक पक्ष आदिलाई मध्यनजर गर्दै निश्चित समय सीमाको पावन्दी भित्र रही अध्ययन गरिएको छ ।

## १.६ अध्ययनको सांगठनिक ढाँचा

प्रस्तुत शोधपत्रलाई मुख्यतयः छ अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्ययमा अध्ययनको पृष्ठभूमि, समस्यको कथन, अनुसन्धानको उदेश्य, अध्ययनको महत्व तथा सीमाहरुलाई समावेश गरिएको छ । दोस्रो अध्ययमा अध्ययनसँग सम्बन्धीत पूर्व साहित्यको समिक्षा, अवधारणगत खाका राखिएको छ । तेस्रो अध्ययमा, अध्ययन क्षेत्रको परिचय, अध्ययन क्षेत्रको छनोट, तथ्याङ्कको प्रकृति र स्रोत, सङ्गणना विधि, तथ्याङ्क सङ्कलन विधि, तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरणलाई समेटिएकोछ । यस्तै गरी अध्यय चारमा क्षत्री जातिको जीवन संस्कार, अध्यय पाँचमा तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण राखिएको छ । भने छैटौ अध्ययमा अध्ययनको सरांश, निष्कर्ष र सुझावहरु राखिएका छन् । अन्त्यमा अन्तरवार्ता सूची र तस्विरहरु राखिएका छन् ।

# एकाइ – दुई

# सम्बन्धीत साहित्यको पुनरावलोकन

## २.१ विवाहको उत्पत्ति र विकास

परिवारको स्थापना गर्न दुई या त्यो भन्दा बढी स्त्री पुरुषबिच आवश्यक सम्बन्ध स्थापना गर्न र त्यस सम्बन्धलाई स्थिर राख्नका लागि कुनै न कुनै संस्थात्मक व्यवस्था अथवा तरिका प्रत्येक समाजमा पाइन्छ जसलाई विवाह भनिन्छ । विवाह प्रत्येक समाजको आवश्यक अङ्ग हो, त्यो प्राचीन समाज वा आधुनिक समाज, किनकि विवाह त्यो साधन हो जसको आधारमा समाजको प्रारम्भिक एकाइ परिवारको निर्माण हुन्छ । विवाह एक सामान्य वा स्वाभाविक घटना हो जसले गर्दा यो अति प्राचीन समाजदेखि अति आधुनिक समाजमा पनि कुनै न कुनै रुपमा पाइन्छ । विवाह जति लोकप्रिय अस्ट्रेलियाको जनजातिमा छ त्यति नै न्युयोर्कका निवासीहरुमा लोकप्रिय छ । हिन्दु समाजमा त विवाहको झन् धेरै नै महत्व छ किनकी विवाहलाई गृहस्थाश्रमको प्रवेशद्वार मानिन्छ । "मनु" स्वीकार गर्दछन् की जसरी बाँच्नको लागि वायुको आवश्यकता हुन्छ त्यसरी नै जीवन पाउनको लागि गृहस्थाश्रमको आवश्यकता पर्दछ । महाभारतमा त यतिसम्म भनिएको छ कि अविवाहित कन्याले जति धेरै दानपुण्य धर्म गर्दा पनि स्वर्ग पाउँदिन (मदानन्द मजुम्दर, १९८६) ।

विवाह स्त्री र पुरुषलाई पारिवारिक जीवनमा प्रवेश गराउने एउटा संस्था हो । विवाहको मुख्य उद्देश्य स्त्री पुरुषको यौन सम्बन्धलाई नियमित गर्नुको साथै सन्तानोत्पत्ति जस्तो सामाजिक कार्यमा योगदान दिनु हो । सन्तानोत्पत्तिपछि यी बच्चाहरुको लालन पालनका लागि घर, निवास वा गृहस्थीको आवश्यकता हुन्छ । यी आवश्यकताको पूर्ति गर्न शान्तिका लागि पनि विवाहको आवश्यकता छ । यौन सम्बन्धी आवश्यकता बाहेक मनुष्यका अनेकौं आर्थिक, सामाजिक तथा वैयक्तिक आवश्यकताहरु हुन्छन् जुन तिनीहरु परिवारबाट पाउँछन्, जुन विवाहद्वारा नै सम्भव छ । विवाह र परिवार मानव जातिलाई निरन्तरता बनाई राख्ने एउटा प्रावधान हो । किनकी कुनै व्यक्तिको मत्यु भए पनि परिवार र विवाहद्वारा मनुष्य अमर भएको छ । मानिसले आफ्ना बच्चाहरुमा आफ्नो आशाहरु फुलेफलेको देख्न चाहन्छ । मनुष्यको कतिपय आशाहरु सन्तानहरुद्वारा पुरा भएको देखिन्छ । सन्तानद्वारा वंशको रक्षा हुनुका साथै वंश, परम्परा र संस्कृतिको रक्षा हुन्छ । सन्तानले आफ्नो अनुकरण

गरेको देख्दा मनुष्यको अहंभावको सन्तुष्टि हुन्छ । यसरी व्यक्तिगत दृष्टिकोणले विवाहको उद्देश्य यौन सम्बन्धी तथा मानसिक इच्छाहरुको सन्तुष्टि गर्नु हो र सामाजिक दृष्टिकोणले समाज तथा संस्कृतिको अस्तित्व वा निरन्तरता कायम राख्नु हो (सुवेदी, २०५६ ) ।

अतः विद्वान्हरुले विवाहको सम्बन्धमा तुलनात्मक अध्ययन गरेर के निष्कर्ष निकालेका छन् भने कुनै पनि समाजमा मात्र यौन सम्बन्ध स्थापित गर्नका लागि विवाह गरिँदैन, बरु सबै समाजमा अरु उद्देश्यहरु जस्तै आर्थिक, सामाजिक तथा बालबच्चाहरुको पालनपोषण गर्ने उत्तरदायित्व विवाह गर्ने स्त्री पुरुषलाई दिइन्छ । अतः यसबाट के स्पष्ट हुन्छ भने विवाहको उद्देश्य स्त्री पुरुषलाई सुख र तृप्ति प्रदान गर्ने मात्र नभएर विवाह त्यो साधन पनि हो, जसबाट समाजको अस्तित्व निरन्तर पनि रहोस् । श्री मोर्गन आदि केही विद्वान्हरुको मत के छ भने मानव समाज वा संस्कृतिको प्रारम्भिक कालमा विवाह नामक संस्थाको कुनै अस्तित्व थिएन । विवाह संस्थाको विकास सामाजिक विकासका केही स्तर पछि भएको हो । प्रारम्भिक समाजमा कामाचार पाइन्थ्यो र यौन सम्बन्ध स्थापित गर्न पूर्ण स्वतन्त्र थियो तर यस्तो कुराको कुनै प्रमाण पाइएको छैन तर कामाचारको अवस्था पछि समूह विवाहको विकास भएको हो । यस्तो समूह विवाहमा एक परिवारको सबै दाजुभाइहरुको विवाह अर्को परिवार सबै दिदीबहिनीहरुसँग हुने गर्दथ्यो जसमा प्रत्येक पुरुष स्त्रीको पति र प्रत्येक स्त्री सबै पुरुषको पत्नी मानिन्थ्यो ।

तेस्रो अवस्थामा एउटा पुरुषको एउटै स्त्रीसँग विवाह गर्ने चलन आयो । तर त्यस परिवारमा विवाह भएको प्रत्येक स्त्रीसँग यौन सम्बन्ध राख्ने स्वतन्त्रता प्रत्येक पुरुषलाई हुन्थ्यो । चौथो अवस्थामा आएर पुरुषकै अधिपत्य हुन्थ्यो र उसले चाहे जस्तो एक भन्दा बढी स्त्रीहरुसँग विवाह गरेर यौन सम्बन्ध राख्दथे । यस अवस्थापछि मात्र एक विवाह सुरु भएको हो ।

श्री बैकोफोनको भनाइ अनुसार आदि कालमा विवाह नामको संस्था स्पष्ट थिएन । फलतः यौन सम्बन्ध स्थापित गर्ने पनि कुनै निश्चित नियम थिए । यसपछि जनसङ्ख्या बृद्धि हुनुका साथै समाजमा दरिद्रता तथा कमी बढ्न थालेपछि केटीहरुको हत्या गरिन थाल्यो । जसले गर्दा समाजमा पुरुषको अपेक्षा महिलाहरुको सङ्ख्यामा कमी आउन थाल्यो र बहुपति विवाहको प्रचलन आयो । यसपछि अब खेतीबारीमा उन्नति हुन थालेकाले परिवारमा स्थायी श्रमिकको रुपमा महिलाहरुको आवश्यकता देखिन थाल्यो र पुरुषहरु पनि आफ्नो ऐस

आरामको लागि धेरै पत्नी राख्न समर्थ हुन थाले जसले गर्दा बहुपत्नी विवाहको सुरु भयो । अन्तमा नैतिक विचारहरुको विकास हुन थालेपछि र महिलाहरुद्वारा समाजमा अधिकारको माग गर्न थालेपछि एक विवाह प्रथाको चलन आयो । यस कुराको विभिन्न आलोचना गरिएको छ । यौन स्वतन्त्रता, बहुपति वा बहुपत्नी विवाह आदि सामाजिक नियमको क्षणिक उल्लङ्घन मात्र हो । स्थायी रुपमा त एक विवाह नै ठुलो, सानो सबै समाजमा प्रचलित रहेको पाइन्छ । यहाँसम्मकि चराचुरुङ्गी, पशुहरु, वनमान्छे आदिमा पनि एक विवाह नै पाइन्छ ( वराल, २०५७) ।

## २.१.१ धार्मिक संस्कारयुक्त वा उत्सव विवाह

केटाकेटी दुबै पक्षले योग्य व्यक्तिको खोजी गरिसकेपछि  औपचारीक प्रारम्भिक वार्ता सम्पन्न गरेर केटाले औपचारिक रुपमा कन्या माग्ने र कन्या पक्षले स्वीकृति दिने औपचारिक प्रक्रिया पुरा गरिसकेपछि केटा पक्षले जन्ती ल्याउने र कन्या पक्षले विधिपूर्वक कन्यादान गर्ने प्रक्रिया अनुसारको विवाहलाई धार्मिक, संस्कारयुक्त वा उत्सव विवाह भनिन्छ । यो विवाह प्रजापत्य विवाहको विकृति अवेशषको रुपमा रहेको छ र कन्यादान तथा व्यावहारिक रुपमा यो विवाह कन्याको विवाह सम्बन्धी दायित्वबाट मुक्ति पाउने उपायको रुपमा रहेको छ । हाल नेपालमा यही विवाह सर्वाधिक लोकप्रिय छ । यस विवाहलाई हिन्दु विवाह, हिन्दु कानुनी अन्तर्गतको विवाह वा वैद्धिक विवाह भन्ने चलन छ ।

## २.१.२. दर्ता विवाह

विवाह दर्ता सम्बन्धी ऐन अनुसार तोकिएको विवाह योग्य उमेर पुरा भएका महिला र पुरुषले आ-आफ्नो पक्षबाट २-२ जना साक्षी सहित जिल्ला कार्यालयमा निवेदन दिई विवाह दर्ता गराएर विवाहको प्रमाणपत्र प्राप्त गर्ने प्रक्रियालाई दर्ता विवाह भनिन्छ । यो विवाह कानुनी विवाहको रुपमा रहेको भए तापनि धेरै नेपालीहरुले यो विवाह गरेका छैनन् तर अहिले यस विवाहको प्रचलन बढ्दै गइरहेको छ ।

## २.१.३. परम्परागत विवाह

आफ्नो जात र कुलको धर्म, रीत, परम्परा र प्रथा अनुरुप सम्पन्न गरिने विवाहलाई परम्परागत विवाह भनिन्छ । परम्परागत विवाह अन्तरगत केटीलाई भगाई लगेर विवाह, कन्या चोरी गरिने विवाह, जुहारी विवाह, किनबेच विवाह, जारी विवाह, प्रेम विवाह, केटाले

धन दिएर केटीसँग गरिने विवाह, दाजुको मृत्युपछि देवरले भाउजूसँग गर्ने विवाह जस्ता विभिन्न प्रकारका विवाहहरु पर्दछन् । विभिन्न जात जातिमा चलिआएको परम्परालाई सांस्कृतिक सम्पदाको रुपमा जोगाई राख्ने मुलुकी ऐन लगायत प्रचलित नेपाली कानुनले यस्ता परम्परागत विवाहहरुलाई मान्यता दिएको कारणले गर्दा परम्परागत विवाहको महत्वपूर्ण स्थान छ ।

## २.१.४. विवाह संस्कार सम्बन्धी नेपाली कानुनी संहिता

विवाह संस्कार सम्बन्धी कानुनी र विवाहसँग सम्बन्धीत सबै कानुनहरुको संहिताको रुपमा २०२० को मुलुकी ऐन (२०५३ सालको दसौं संशोधन सहिता) रहेको छ । यस मुलुकी ऐनले विवाह दर्ता ऐन, सामाजिक व्यवहार सुधार ऐन, व्यक्तिगत घटना ऐन सम्बन्धी प्रावधानहरुलाई पनि समाविष्ट गरेकोले विवाह सम्बन्धी कानुनी लगायत सम्पूर्ण पारिवारिक कानुनको लिखित संहिताको रुपमा मुलुकी ऐन नै रहेको छ । मुलुकी ऐनमा विवाह योग्य उमेर दर्ता विवाह, गैर कानुनी विवाह, शून्यकरणीय विवाह, सम्बन्ध विच्छेद, माना चामल लगायत विवाह सम्बन्धी विभिन्न कुराहरुको व्यवस्था विभिन्न महलहरुमा गरेको छ । यसरी विवाह सम्बन्धी लिखित नेपाली कानुनहरु मुलुकी ऐनमा पाइने हुनाले विवाह संस्कार सम्बन्धी कानुनी संहिताको रुपमा पनि मुलुकी ऐन नै रहेको छ (शर्मा, २०५६) ।

सारांशमा विभिन्न सन्दर्भ साहित्यहरुको पुनरावलोकन गर्दा प्राचीन कालमा अनेक कारणले विवाहलाई आदारको दृष्टिले हेरिन्थ्यो किनभने यसमा मानव विकास, पशुपालन, कृषि आदिमा सामाजिक कारण विद्यमान छन् । विवाह व्यक्तिगत नभएर एउटा पारिवारिक विषय हो । वस्तुतः आरम्भमा वंशलाई अक्षुण्णता बनाई राख्नको लागि सन्तान उत्पादन नै विवाहको प्रमुख उद्देश्य थियो । विवाहलाई यति ठुलो महत्व दिन धार्मिक कारणको पनि ठुलो हात छ । देवता र पितृको पूजा गर्न पनि सन्तानमा नै निर्भर गर्दछ । जुन विवाहद्वारा नै निर्भर गर्दछ । विवाह संस्कारका सम्बन्धमा विभिन्न सामग्रीहरूको अध्ययनबाट विवाहका बारेमा पुरानो मूल्य मान्यता र पुराना धर्म ग्रन्थमा विवाह सम्बन्धमा गरिएका कुराहरूदेखि विवाह संस्कार कसरी सम्पन्न गर्दछन् र त्यसमा कस्तो कस्तो परिवर्तन आयो भनेर यस अध्ययनमा उल्लेख गरिएको छ । विवाहलाई समाजको अभिन्न अङ्गको रूपमा लिइन्छ । यस्तो कार्य विभिन्न समुदाय अनुसार फरक फरक रहेको पाइन्छ । विवाहमा गरिने विभिन्न संस्कारहरूमा आ-आफ्नै पद्धतिहरू र परम्परा कायम रहेका हुन्छन् । यी पद्धति र परम्परा समय अनुसार परिवर्तन भएर जान्छन् ।

## २.२ सैद्धान्तिक पुनरावलोकन

नेपाल विभिन्न जाति जनजातिहरू बसोवास गर्ने राष्ट्र हो । यी जाति तथा जनजातिहरूको बारेमा विभिन्न विदेशी तथा स्वदेशी अनुसन्धानकर्ताहरूले अध्ययन अनुसन्धान गरेका छन् । क्षत्री जातिको बारेमा विस्तृत रूपमा अध्ययन अनुसन्धान भए पनि यस जातिको परिवार र विवाह पद्धतिको बारेमा कमै मात्र अनुसन्धान भएको पाइन्छ ।

बाहुन क्षत्रीहरूको विवाह साधारणतया आफ्नो जात भित्र मात्र हुन्छ । तर आफ्नै थर भित्र भने पुस्ता जोड्न नसकिनेमा पनि दाजुभाइ मान्ने चलन हुनाले एउटै थर भित्र साधारणतः विहे गरी लेनदेन गर्ने चलन हुँदैन । ठकुरी र राणाहरू बाहेक अरुमा फुपूचेला, मामा चेला पनि बिहे गर्दैनन् । बाहुनक्षत्रीका सबै थरभित्र छोरीलाई पवित्र र पूज्य मानेर चाडपर्वमा टिका लगाई दक्षिणा दिने चलन हुनाले छोरीका नातिनातिना, भान्जाभान्जी र ज्वाईलाई पनि पुज्य मानेर चाडपर्वमा टिका लगाई दक्षिणा दिने चलन छ । छोरीलाई कन्यादान दिई विहे गर्दा छोरीको घरजमको बन्दोवस्त हुने मात्र होइन पुण्य कमाउने हेतु लिएर कन्यादान दिई विहे गरिदिन्छन् । छोराको विहे गर्दा काम गर्ने बुहारी पाएर खुसी हुन्छन् भने छोरी अरुलाई दिएर पूण्य हुन्छ भन्ने विश्वास लिइन्छ (विष्ट, २०६४) ।

प्राचीन कालमा अनेक कारणले विवाहलाई आदरको दृष्टिले हेरिन्थ्यो । किनभने यसमा मानव विकास, पशुपालन, कृषि आदिमा आर्थिक, सामाजिक कारण विद्यमान छन् । विवाह व्यक्तिगत नभएर एउटा पारिवारिक विषय हो । वस्तुतः आरम्भमा वंशलाई अक्षुण्णता बनाई राख्नको लागि सन्तान उत्पादन नै विवाहको प्रमुख उद्देश्य थियो । विवाहलाई यति ठुलो महत्व दिन धार्मिक कारणको पनि ठुलो हात छ । देवता र पितृको पूजा गर्न पनि सन्तानमा नै निर्भर गर्दछ । जुन विवाहद्वारा नै निर्भर गर्दछ । भविष्यमा पनि हिन्दु धर्ममा सामाजिक तथा आर्थिक कारणको अपेक्षा धार्मिक कारण नै अधिक महत्वपूर्ण हुन गयो (सुवेदी, २०५६) ।

विवाह दर्ता ऐन वमोजिम गरिएको विवाह बाहेक धर्म, जाति वा कूलको रीतिस्थिति, परम्परा वा चालचलन व्यवहार अनुसार भएको विवाह वा वैवाहिक सम्बन्ध ऐन विपरित नहुने र उल्लेखित ऐन अन्तर्गत दर्ता गर्न सकिने व्यवस्था छ । सामाजिक व्यवहार सुधार ऐन २०२८ ले सामाजिक व्यवहार सुसम्पन्न हुने विवाहमा तिलक, दाइजो, जन्त, विवाह भोज आदिमा बढेको प्रतिस्पर्धा, तडक भडक र फजुल खर्च बढ्दै गएकोले मुठीभर धनी वर्ग

बाहेक अरु मध्यम र निम्न वर्गमा यस प्रकारको व्यवहार चलाउन कठिन भएको तथ्यलाई बुझेको देखिन्छ । कानुनद्वारा नियन्त्रण गर्न  यो ऐन देखा पऱ्यो । यसै कारणले सामाजिक व्यवहार सुधार ऐन २०३३ लागु भएको देखिन्छ (सुवेदी, २०५६) ।

सामाजिक व्यवहार भन्नाले विवाह, व्रतन्ध, चुडाकर्म, पास्नी, न्वारान, जन्मदिन, ठुलो पास्नी आदिलाई जनाउँदछ । जहाँ सामाजिक व्यवहारको सम्बन्धमा विवाह हुँदा तिलक दिन र लिन नहुने साथै उक्त कार्यमा संलग्न भएमा दफा ३ अनुसारको सजायको व्यवस्था गरिएको छ । विवाहको अवसरमा दुलही पक्षले आफ्नो लागि कुनै नगदी वा जिन्सीको रुपमा विवाहमा तिलक लिनु हुँदैन र यदि गहना र वस्तु वा जायजेथा दिनु पर्दछ भनी दुलाही पक्षलाई कर लगाएमा सजाएको भागिदार हुनेछ । दफा ५ अनुसार दाइजो, दान, बकस, भेटी, विदाई, सौगात दिन दुलही पक्षलाई दुलाहा पक्षले कर लगाउन नहुने उल्लेख छ । विवाह हुँदा जिउमा लगाएको एकसरो गहना बाहेक कुल परम्परा अनुसार राजीखुसीले लेनदेनमा धेरैमा १० हजारसम्मको दाइजो दिन हुने कुरा सामाजिक व्यवस्था सुधार नियमावली २०३३ को नियम ११/५२ मा उल्लेख भएको छ । यस्तै गरी जन्तीमा बाजा लगायत ५१ जना भन्दा बढी लान नहुने कुरा दफा ६ मा उल्लेख छ । विवाह भोजको अवसरमा दुलाह पक्षबाट ५१ जना भन्दा बढी आमन्त्रण गर्न नहुने र दाइजो लाने बेलामा प्रदर्शन गरेर लान नहुने कुरा दफा ११ मा उल्लेख गरिएको छ । यस्तै गरी कन्यादान गर्दा २५ तोला भन्दा बढी सुन दान गर्न नहुने, मुख हेर्न जाँदा ५ किस्ती सामान र एकजोर लुगाबाहेक बढी लान नहुने, सम्धी सम्धीको ढोगभेट गर्दा रु १ भन्दा बढी राखी ढोगभेट गर्न नहुने र दुरान फर्काउदा ५ किस्ती भन्दा बढी खानेकुरा र एकजोर कपडा बाहेक बढी लान नहुने कुरा सामाजिक व्यवहार सुधार ऐनमा उल्लेख भएको छ (श्रेष्ठ, २०६२) ।

## २.३ पूर्व साहित्यको समालोचना

गुरुङहरुमा विहे गर्दा मामा चेलाचेलीको फुपू चेलीसँग नै ज्यादा जसो गर्ने चलन छ । यो चलनलाई यति विघ्न महत्व दिएर अड्याई राख्ने प्रयास नेपालका अरु कुनै पनि जातिले गरेको जस्तो देखिँदैन । आफ्नो फुपू वा मामाको छोरा वा छोरीसँग विहे नगर्ने केटा वा केटीले तिस रुपैयाँ हर्जना तिरेर छुट्कारा लिनुपर्छ । त्यसपछि मात्र अरु मन परेको सँग विहे गर्न पाइन्छ । गुरुङ गाउँहरुमा ठिटाठिटीहरुको रसवस रोदीघरबाट नै सुरु हुन्छ । जहाँ बेलुकी भेट गरेर नाचगान गर्ने चलन हुन्छ । त्यसैले आफ्नो गाउँभित्र विहे हुने सम्भावना

प्रशस्त हुन्छ । विहे गर्दा कसै-कसैले आफ्ना साथी र इष्टमित्रका साथ दुलहीको घरमा गई दुलही लिएर फर्कने चलन छ । दुलही घरमा भित्र्याएपछि मात्र गाउँले दाजुभाइ र इष्टमित्रलाई भोज खुवाउने गरिन्छ । केही दिनपछि लगत्तै दुलही आफ्नो माइतीतिर फर्कन्छिन् र अरु केही वर्ष माइतीमा नै बिताउँछिन् । यस बिचमा दुलहा दुलही वरावर साथै रहने गर्छन् र छोराछेरी भएपछि मात्र स्थायी रुपले लोग्नेको साथमा घरमा बस्न थाल्छन् दुलहीका बाबुआमाले दिने दाइजो पनि त्यसपछि मात्र दिइन्छ (विष्ट, २०६४ ) ।

बेनेथले (१९८३) मा कोलम्बिया युनिभर्सिटी प्रेसमा प्रकाशन गरेको पुस्तक "डेन्जरस वाइफस एन्ड सेक्रेट सिस्टरस" मा नेपालका उच्च हिन्दु जातिहरुको महिलाको स्थितिलाई विवाह पूर्व र विवाह पश्चातको अवस्थालाई तुलनात्मक रुपमा समेटिकी छन् । यस पुस्तकमा महिलाको स्थानलाई शुद्धता र अशुद्धताको प्रतीकको रुपमा व्याख्या र विवेचना गरिएको छ । यस्तै गरी लैङ्गिक भूमिकाको बारेमा चर्चा गर्दै समाजमा विद्यमान परम्परा संस्कार र धर्मको बारेमा विश्लेषण गरेकी छिन् । यस उच्च हिन्दु जातिको महिलालाई द्वैध भूमिकामा प्रस्तुत गर्दै विवाहको अवसरमा छोरीलाई कन्यादान दिँदा दाइजो दिने गरेको उल्लेख गरेकी छन् ।

नेपालको सन्दर्भमा चर्चा गर्दा महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा हेरिन्छ र सोही अनुरुपको व्यवहार पनि गरिन्छ । आजका आधुनिक नारीहरु आफ्नो हक र अधिकारका लागि अग्रसर हुँदै आएका छन् र सरकारी तथा कानुनी नीति नियम केही हदसम्म लचिलो भएको पाउन सकिन्छ । नेपाल हिन्दु राज्य र पितृसत्तात्मक समाज भएकाले आज पनि छोरा जन्मिँदा खुशीलायी मनाउने र आमा समूह बोलाई नाचगान गर्ने, दक्षिणा दिने, छोरालाई कुर्ने निहुँमा दर्जनौं छोरीहरु जन्माउने परिवार पनि उदाहरणको रुपमा हामी सामु छन् । यस्तै गरी छोरीलाई आर्काको भित्ता टाल्ने जात भन्दै विवाह गरिदिन हतारिन्छन् । विवाहमा छोरीको सुखको लागि ज्वाँइ लगायत घरका सम्पूर्ण सदस्यहरुलाई महँगा वस्तुहरु (कपडा, गहना, टि.भी. मोटरसाइकल, मोबाइल आदि) दाइजो स्वरुप उपहार दिने प्रचलन बढ्दै गएको छ (माइत्रा, १९९३) ।

विवाह संस्कार हिन्दु पद्धतिमा आधारित छ । क्षत्री र अन्य जातमा चेली बेच्ने चलन छ । मेरी छोरी तिम्रा छोरालाई दिउँला भन्ने बाचा गर्ने चलन पनि छ । डोटेली समाजमा बालविवाह र बहुविवाहको प्रचलन अत्यन्तै छ भने विधवा विवाह समाजमा मान्य छैन ।

विवाह पद्धति अनुसार केटी मागेर गरिने विवाह पनि दुई किसिमका छन्- बजाई विवाह र चोरी विवाह । बाजा बजाएर जन्ती लाने विवाह बजाई विहा र बाजा नबजाई जन्ती लाने विवाहलाई चोरी विवाह भनिन्छ । विवाह संस्कारमा सर्वप्रथम वर पक्षका मानिसले वधूको जन्म पत्री माग्दछन् । वधूपक्षले इच्छा गरेमा सो जन्मपत्री माग्न जानेलाई दुध, पिरो र अलिनो आदिले स्वागत गर्दछन् । छोरी दिने इच्छा नभए स्वागत गर्दैनन् र इच्छा भएमा सुपारी, जनैको साथमा जन्मपत्री दिइन्छ । वरपक्षले त्यो जन्मपत्री लगेर जुडमेल गरी साग राख्दछन् । यो साग राख्ने भनेको केटी पक्षलाई फलफुल मिठाई आदि दिनु हो । यो साग राख्ने काम भए पछि केटी दिनै पर्ने बाध्यता हुन्छ । त्यसपछि विवाह कार्य सम्पन्न हुन्छ (चालिसे, २०६५) ।

हिन्दु धर्मशास्त्र अनुसार वंश निरन्तरताका लागि विवाह आवश्यक हुन्छ । साथै सन्तानोत्पादन पछि मात्र सामाजिक र धार्मिक कार्य पूर्ण हुन्छ भन्ने पनि विश्वास गरिन्छ । सन्तान विना पिण्ड नपाइने र पिण्ड नपाएपछि मोक्ष पाँइदैन भन्ने धारणाबाट अभिप्रेरित भएर पत्नीको मृत्यु सन्तान नजन्माईकन हुन्छ भने त्यस्तो पुरुषले अर्को विवाह गर्ने अधिकार प्राप्त गरेको हुन्छ । केही गरी कुनै व्यक्ति नपुंसक वा सन्तानोत्पादनलाई असक्षम छ भने उसकी पत्नीलाई नियोगद्वारा सन्तान उत्पादन गर्नलाई छूट दिएको पाइन्छ । यसको उदाहरण वेदव्यासकृत माहाभारतका वर्णित धृतराष्ट्र, पाण्डु र विधूर हुन् (बराल, २०५०) ।

चैतन्य मिश्र (२०५७) ले 'विवाहको अर्थ-राजनीति' शीर्षकको लेख मूल्याङ्कन पत्रिका मार्फत मागी विवाह- पुरातन, परम्परावादी, असभ्य आदि विवाह पद्धति हो र प्रेमविवाह- आधुनिक, सभ्य र विकासमुखी हो भन्ने धारणा आत्मग्लानी र आत्माभिमानबोध हो भन्ने कुरा व्यक्त गरेका छन् । उनले पूँजीवादी अर्थव्यवस्था र समाजवादी अर्थव्यवस्था भित्र प्रचलनमा रहेका विवाहलाई निम्नानुसार प्रस्तुत गरेका छन्- जसमा १. मागी विवाह र सामन्तवाद, २. पूँजीवाद र प्रेम विवाह र ३. समाजवादी विवाह पद्धति ।

हंसराज (१९९२) ले हिन्दु समाजमा जीवन संगीको छनोटको आधारमा विवाह ८ किसिमबाट हुन्छ भनेका छन् (१) मागी विवाह (आमाबाबुको मन्जुरीबाट आमा बाबुले गरीदिने विवाह), (२) प्रेम विवाह, (३) परीक्षणात्मक विवाह (अर्जुन द्रौपतीको विवाह), (४) जबरजस्ती भगाएर लैजाने विवाह,  (५) बल जफ्ती गर्ने विवाह (६) क्षतीपूर्ति तिरेर गर्ने विवाह, (७) साटासाट विवाह र (८) कसैलाई थाहा नदिई गुप्त रूपले भागी विवाह गर्नु ।

त्यस्तै लक्ष्मीकान्तले आफ्नो पुस्तक व्रतवन्ध र विवाह संस्कार (२०४२) मा विवाहका अन्य रूपहरू पनि उल्लेख गर्नु भएको छ :

(१) सट्टा विवाह- वर तथा कन्याको पिताले आ-आफ्नो छोरीसँग एक अर्काको छोराको विवाह गरिदिने विवाह जसलाई धर्मशास्त्रमा निषेध गरिए तापनि निर्धनताको कारणले समाजले यसलाई मान्यता दिएको छ ।

(२) ल्याइते विवाह- प्राचीन धर्मशास्त्रमा ल्याइते विवाहको उल्लेख नभए तापनि कतै कतै निर्धनताको कारणले विवाह गर्न असमर्थ भएर अरुले विवाह गरेकी स्वास्नी मान्छेलाई अथवा विधवा परस्त्रीलाई आफ्नो साथमा ल्याउने चलनलाई ल्याइते विवाह भनिन्छ । यसरी ल्याएको परस्त्रीलाई जातिको दृष्टिले एक जाति तल राखेको पाइन्छ भने त्यसबाट जन्मेको सन्तानलाई तल्लो जातमा राखेको पाइन्छ ।

(३) अदालती विवाह- यो विवाह बिलकुलै नयाँ प्रकारको विवाह हो । प्राचीन धर्मशास्त्रमा यस्तो प्रकारको विवाह बारे कतै उल्लेख भएको पाइँदैन । तर आधुनिक समाजमा वर्तमान कानुन वमोजिम आदालतमा दर्ता गरेर साक्षी राखी अति आधुनिक सभ्यताबाट प्रभावित वर वधूले परम्परामा निश्चय गरेर यस्तो विवाह गर्ने गरेको पाइन्छ । हाम्रो देशमा पनि विवाह दर्ता सम्बन्धमा व्यवस्था गर्ने ऐन २०२८ मा बनेको छ र फाटफुट रूपमा भए पनि यस्तो विवाह पाइन्छ ।

यी तिन विवाहको उल्लेख गर्नुको साथै अनुलोम विवाह, प्रतिलोम विवाह, सगोत्र विवाह र सपिण्ड विवाहलाई विवाहको सीमा अन्तर्गत राख्नु भएको छ (पन्थी, २०४२) ।

हिन्दु धर्म अनुसार- विवाह एक धार्मिक संस्कार हो, जसले आफ्नो परम्परालाई निरन्तरता दिइरहेको पाइन्छ । यस संस्कार अनुसार गरिने विवाहमा लोग्ने स्वास्नीको सम्बन्ध यस लोकदेखि परलोकसम्म रहिरहन्छ । विवाह भौतिक तथा आध्यात्मिक आवश्यकता पुरा गर्नका लागि गरिन्छ । पौराणिक कालमा हिन्दु विवाहको बारेमा जोडी चयना मापदण्ड राखेको पाइन्छ जसलाई विवाह योग्य र विवाह अयोग्य गरी दुई भागमा विभाजन गरेको छ ।

हिन्दु विवाहको पौराणिक मापदण्डको विवरण


| **विवाह योग्य** | **विवाह अयोग्य** |
|---|---|
| १. असगोता (विगोत्री) | १. सगोत्र र पिताको गोत्र एउटै गोत्र |
| २. असपिण्डा (सपिण्ड नपर्ने) | २. सपिण्ड (पिताको सात पुस्ता, आमाको ५ पुस्ता) |
| ३. असमान प्रवर (प्रवर भिन्न भएको) | ३. समान प्रवर |
| ४. सवर्ण (सजातीय) | ४. मातुल गोत्र |
| | ५. पुरोहित (आचार्य) गोत्र |
| | ६. असवर्ण (असमान जात) |

स्रोतः याज्ञवल्क्य स्मृति, पृ. २१-२४ ।

हिन्दु विधिशास्त्री तथा स्मृतिकार याज्ञवाल्क्यले उल्लेख गरे अनुसार एउटा आर्यले आफ्नो पुत्रको गृहस्थाश्रम प्रवेशमा सकुमारी कन्यासँग वैदिक विधानले पाणी ग्रहण (विवाह) गरोस् । प्राणी ग्रहणका लागि सहधर्मीको चयन गर्दा असगोत्रा, असपिण्डा, असमान प्रवर र सवर्णा कन्या मात्र गरोस् भनिएको पाइन्छ भने सगोत्र (एउटै गोत्रमा), सपिण्ड ( पिताको सातपुस्ते नाता र आमाको ५ पुस्ते नाता), समान प्रवर र आमाको गोत्रकासँग पनि विवाह नगर्नु भनेको पाइन्छ । त्यसैगरी आफ्नो कुलले आचार्य (पुरोहित) का गोत्रबाट पनि कन्यादान नलिनु भनिएको पाइनुका साथै जातीयताको शुद्धीकरण र पारिवारिक संस्कारको निरन्तरताको लागि असवर्ण (विजातीय-अन्तरजातीय) विवाह पनि नगर्नु भनेको पाइन्छ । स्मृतिकारहरूले निषेध गरेको भए पनि तत्कालीन समाजमा असवर्ण (अन्तरजातीय) विवाह प्रचलनमा भएको कुरा अनुलोम र प्रतिलोम विवाह प्रथाले प्रस्ट पार्दछ ।

क्षत्री जातिमा विवाह गर्ने उमेरमा धेरै परिवर्तन आएको छ । यस्तो परिवर्तन शिक्षाको प्रभावले गर्दा बढी भएको पाइन्छ । बाल विवाह वा सानो उमेरमा विवाह गर्ने परिपाटी पूर्ण रूपमा नै अन्त्य भै सकेको छ । शिक्षाको विकासले गर्दा बाबुआमा र छोराछोरीको बिचमा सहमती भएको देखिन्छ । बुढापाकामा भन्दा युवा समूहमा पुनर्विवाह, पारपाचुके र विधवा विवाह निसंकोच रूपमा नै भै रहेका छन् । यसले समाजमा कुनै नराम्रो प्रभाव देखिँदैन । पारपाचुके गर्नमा सहज र सर्वसुलभ भएतापनि सकेसम्म पारपाचुके नहोस् भन्ने अधिकांश मानिसहरूको धारणा पाइन्छ । यसले पनि पारपाचुकप्रतिको अरुचि हो भन्ने दर्शाउछ (अधिकारी, २०५४) ।

## २.४ अवधारणागत खाँका




- विवाहले परिवार तथा नाता सम्वन्धको विकास गराउँछ ।
- विवाहले सामाजिक सम्बन्ध, आन्तरक्रिया र एकतालाई प्रश्रय दिन्छ ।
- विवाहले एक पुस्तबाट अर्को पुस्ताहरुलाई निरन्तरता गराउने कार्य गर्दछ ।
- विवाहले सामाजिक/ सांस्कृतिक कार्यका लागि व्यक्तिहरुलाई जिम्मेवार, क्रियाशिल र बालवच्चाको वैधता गराउने कार्य गरेको हुन्छ ।
- लोग्ने स्वास्नीविच आर्थिक एवम् सामाजिक सहयोगको अदानप्रदान विवाहबाट हुन्छ ।
- सामाजिक सुरक्षा कायम हुन्छ ।
- पारिवारिक जीवनलाई व्वस्थित र सुदृढ बनाउँछ ।
- यो सन्तुष्टि र प्रजननको माध्यमबाट बाल बच्चा जन्म भई सृष्टिको निरन्तरता हुन्छ ।

# एकाइ – तिन

# अनुसन्धान पद्धति

यस खण्डमा शोधपत्रको, अनुसन्धानमा प्रयोग गरिएका विधिहरुका बारेमा उल्लेख गरिएको छ । अनुसन्धानको क्रममा सङ्ख्यात्मक र गुणात्मक तथ्याङ्क र सूचना सङ्कलन गर्न विभिन्न विधिहरु अपनाइएका छन् । यस खण्डमा शोत्रपत्रको अध्ययन क्षेत्र छनोटको औचित्य प्रकृति र स्रोतहरु, तथ्याङ्क सङ्कलन विधि, तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरणलाई प्रस्तुत गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्रको छनोट

नेपाली हिन्दु परिवारमा छोरा र छोरीमा अझै पनि फरक सामाजिकीकरण तथा शिक्षा, स्वास्थय, पोषणको क्षेत्रमा छोरीलाई भेदभाव गरिन्छ भने सम्पत्तिमा अधिकार स्वतन्त्रता जस्ता क्षेत्रमा छोरीको पहुँच हुँदैन । त्यसैले त हिन्दु ब्राम्हण, क्षत्री परिवारमा पुरुषको तुलनामा महिलाको अवस्था कमजोर रहेको छ । क्षत्री जातिमा छोरीहरुको छिटो विवाह गरिदिने, छोरीको सर्वाङ्गीण विकासका लागि भन्दा विवाहमा दाइजो दिने परम्पराले विभिन्न अवसरबाट वञ्चित गरिएको अवस्था रहेको छ । काठमाडौँ उपत्यका कीर्तिपुर जस्तो ठाउँमा सहरीकरणको प्रभाव परेको देखिन्छ । त्यसैले यस क्षेत्रमा गरिने विवाह प्रथा र संस्कार सहरी क्षेत्र र ग्रामीण पम्परागत मिश्रण रहेको छ । यस सहरोमुख कीर्तिपुर नगरपालिकाका उत्तरदाताहरुमा देखिएको विवाह प्रतिको धारणाले काठमाडौं उपत्यका भरिका क्षत्री जातिको विवाहको प्रतिनधित्व गर्न सक्ने भएकोले यो विषय र अध्ययन क्षेत्रको औचित्यपूर्ण छ ।

यस क्षेत्रको लागि कीर्तिपुर नगरपालिका वडा नं. १२ अन्तर्गत भत्केपाटी क्षेत्रलाई छानिएको छ । उक्त स्थान काठमाण्डौँबाट ९ किलो मिटर दक्षिणतर्फ अवस्थित छ । यस क्षेत्रमा क्षत्री जातिको बसोबासको बाहुल्यता रहनुका साथै यस विषयमा हालसम्म अध्ययन अनुसन्धान नभएकोले उक्त क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा छनोट गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

यस अनुसन्धानको उदेश्य प्राप्तिका लागि दुई किसिमका अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । अध्ययन क्षत्रेको प्रतिनधिहरुको विस्तृत विवरण लिनका लागि

सामाजिक, आर्थिक, शैक्षिक अवस्था, उमेर, पारिवारिक संरचना आदिका सम्बन्धमा वर्णानात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ भने विवाह प्रथाप्रतिको धारणा बुझ्न र विवाह प्रथाले महिलाको अवस्थामा पारेको प्रभावको अध्ययन गर्न अन्वेषणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा प्राथमिक र द्वितीय दुबै खालका विधिबाट तथ्याङ्क सङ्कलन गरिएको छ । प्राथामिक स्रोत अन्तर्गत घरधुरी सर्वेक्षण, मौखिक अन्तवार्ता अनुसूची, अवलोकन आदि पर्दछन् भने द्वितिय स्रोत अन्तर्गत अध्ययनसँग सम्बन्धीत विभिन्न लेख रचना, विवाहसँग सम्बन्धीत प्रकाशित तथा अप्रकाशित पुस्तक तथा अन्य सम्बन्धीत साहित्यको सहयोग लिइएको छ ।

## ३.४ नमुना छनोट प्रक्रिया

कीर्तिपुर नगरपालिका वडा नं. १२ मा जम्मा घर सङ्ख्या ४०९ मध्ये क्षत्रीहरुको घर सङ्ख्या ९० रहेको उक्त ९० घरसङ्ख्यालाई नै समग्रता मानि सङ्गणना विधिको आधारमा घरमुलीसँग मौखिक अन्तरवार्ता सूचीको माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलका विधिहरु :

### ३.५.१. अन्तरवार्ता

मौखिक अन्तरवार्ता विधिबाट घरमुलीसँग शोध अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गरिएको छ । यस विधिबाट क्षत्री जातिको जनसङ्ख्या विवारण, पारिवारिक विवारण, वैवाहिक विवारण आदिका आधारमा प्रश्नहरु तयार गरी उत्तरदाताबाट मौखिक रुपमा तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.२ अवलोकन

सहभागी अवलोकन विधि सामाजिक अनुसन्धानका लागि निकै उपयोगी तथा लाभकारी भएको छ । यस अध्ययनमा पनि सहभागी अवलोकन विधिको माध्यमबाट क्षत्री जातिको विवाह प्रथाबारे जानकारी लिई तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्वसनियता र प्रामाणिकता

यस अध्ययनलाई संरचनात्मक-प्रकार्यात्मक सिद्धान्तका माध्यममा आधारित भई यस अध्ययनलाई सामान्यीकरण गर्न खोजिएको छ । अध्ययनमा समावेश गरिएको अवधारणा र परिवर्त्यहरूको कार्यात्मक व्याख्या गरिएको छ । प्रश्नावलीको आधारमा तथ्याङ्कहरू सङ्कलन गरिएको छ र सोही प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरूमा आधारित रही विश्लेषण गर्ने हुनाले विश्वसनियता प्राप्त हुने छ ।

## ३.७ तथ्याङ्कको प्रस्तुति एवम् विश्लेषण

अध्ययन अनुसन्धानको सफलता सङ्कलन गरिएको तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण र प्रस्तुतीकरणमा भर पर्दछ । प्राथमिक र द्वितीयक स्रोतका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ । गुणात्मक प्रकृतिका सूचनाहरूलाई आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक बनाउन त्यसलाई विस्तार र विश्लेषण गरिएको छ । विभिन्न प्रकृतिको तथ्याङ्कहरूलाई आवश्यकता अनुसार टेबुल, चार्ट बनाई साङ्ख्यिकीय विधि प्रयोग गरेर तथ्याङ्कको विश्लेषण गरिएको छ ।

# एकाइ - चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ अध्ययन क्षेत्रको परिचय

नेपालका पाँच विकास क्षेत्रमध्ये मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने काठमाडौँ जिल्ला वागमति अञ्चलमा पर्दछ । काठमाडौँ जिल्ला अन्तर्गत ५७ ओटा गा.वि.स., एक महानगरपालिका र एक नगरपालिका पर्दछन् । यसै जिल्ला अन्तर्गतको एक नगरपालिका कीर्तिपुर नगरपालिका हो । कीर्तिपुर नगरपालिकाको चर्चा गर्दा यहाँ वि.सं. १८२१ भन्दा पहिला छुट्टै राज्य थियो । तत्कालीन गोर्खाका राजा पृथ्वीनारायण शाहले वि.सं. १८१४ र १८१८ मा दुई पटक आक्रमण गर्दा असफल भई वि.सं. १८२१ मा विजय गर्न सफल भएका थिए । कीर्तिपुरमा ऐतिहासिक दरवार, बाघभैरव मन्दिर, उमामहेश्वर मन्दिर लगायत गल्ली गल्ली, चोक चोकमा मन्दिर, चैत्य र पौवाहरू रहेका छन् ।

महाकवि स्व. लक्ष्मीप्रसाद देवकोटाले वि.सं. २०१६ सालमा त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा स्थापना गरेपछि यहाँ शैक्षिक मात्र नभई सामाजिक, राजनैतिक र सांस्कृतिक क्षेत्रमा रूपमा ७५ जिल्लाका मानिस र भाषाभाषीको संगम स्थल बन्न सफल भएको छ । यहाँ हिन्दु, बौद्ध, इस्लाम, क्रिस्चियन, सिख लगायत सम्पूर्ण धर्म मान्ने सम्प्रदायहरू भेटिन्छन् ।

## ४.२ कीर्तिपुर नगरपालिकाको भौगोलिक अवस्था

कीर्तिपुर नगरपालिका समुन्द्री सतहबाट ३५४५ फिटदेखि ७००० फिटसम्मको उचाइमा अवस्थित छ । यो दक्षिणबाट उत्तरतर्फ भिरालो हुँदै आएको छ । यस नगरपालिकाको कूल क्षेत्रफल १४५८ रोपनी अर्थात् करिब ८.२२ वर्ग कि.मि.मा फैलिएको छ ।

कीर्तिपुर नगरपालिकालाई भौगोलिक दृष्टिले दुई भागमा बाँड्न सकिन्छ । जस्तो माथिल्लो भाग १, २, ३, ४, ५, ६, ७, ८, १३, १४ जस्ता वडाहरू उच्च स्थानमा पर्दछन् भने अरु वडाहरू ९, १०, ११, १२, १५, १६, १७, १८, १९ वडाहरू तल्लो भेगमा पर्दछन्

भने बल्खुको सिमानामा त झन तलको स्थानमा नै रहेको छ भने नयाँबजार, ट्याङ्लाफाँट, नगाउँ, भत्केपाटी, पाँगा, ढुसी, चोभर विष्णुदेवी आदि जग्गा खेतीयोग्य मानिन्छ। विगतमा ती जमिनहरूमा सिँचाइको सुविधा थियो भने हाल आएर सो सुविधाबाट यहाँ जनता बञ्चित रहेका छन् ।

काठमाडौँ उपत्यकाबाट कीर्तिपुर नगरपालिका ९ कि.मि. को दूरीमा रहेको छ । यहाँका मानिसहरू पुरातन मान्यता, अन्धविश्वास, रुढीवादीबाट जकडिएका छन् । यहाँका धेरै मानिसहरू आज भोलि पनि झारफुक र पुरातन मान्यताबाट ग्रसित रहेका छन् भने छोरी भन्दा बढी छोराको चाहना, कृषिमा पुरातन प्रवृत्तिले गर्दा यो नगरपालिका जति मात्रामा विकास हुनु पर्ने हो सो हुन सकेको छैन (शर्मा, २०६८) ।

### ४.३ सिमाना

काठमाडौँ जिल्लामा अवस्थित कीर्तिपुर नगरपालिका २०५३ सालमा नगरपालिका घोषणा भएको हो । यस नगरपालिकाको पूर्वमा वागमति नदी, पश्चिममा मच्छेगाउँ गा.वि.स. र तिनथाना गा.वि.स., उत्तरमा काठमाडौँ महानगरपालिकाको १४ र दक्षिणमा चाल्नाखेल गा.वि.स.ले छुट्याएको छ ।

## ४.४ कीर्तिपुर नगरपालिकाको वडागत जनसङ्ख्या विवरण

कीर्तिपुर नगरपालिकामा १९ ओटा वडाहरू रहेका छन् । यस नगरपालिकामा विभिन्न जातजातिहरूको बसोवास रहेको पाइन्छ। कीर्तिपुर नगरपालिको घरसङ्ख्या ९८४७ रहेको छ भने यस नगरपालिकाको कूल जनसङ्ख्या ४०८३५ मध्ये पुरुष २१६८६ र महिला १९१४९ रहेको छ। जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ

## तालिका ४.१ कीर्तिपुर नगरपालिकाको वडागत जनसङ्ख्या  विवरण

| वडा | जम्मा घर सङ्ख्या | पुरुष | महिला | जम्मा जनसङ्ख्य |
|---|---|---|---|---|
| १. | ६५५ | १५२८ | १२९६ | २८२४ |
| २. | ५१० | १२०८ | ११२० | २३२८ |
| ३. | १२७८ | २५१३ | १६३२ | ४१४९ |
| ४. | ३८८ | ९२८ | ९०० | १८२८ |
| ५. | ३६५ | ९९३ | ९९९ | १९२९ |
| ६. | २७१ | ६६० | ६८८ | १३४८ |
| ७. | ४१८ | १०३७ | १०१४ | २०५१ |
| ८. | ३९३ | १००७ | १०१७ | २०२४ |
| ९. | ४७४ | ११०५ | ९१४ | २०१९ |
| १०. | २२९ | ५६५ | ५२६ | १०९१ |
| ११. | ४८९ | १०७७ | १०९५ | २१७२ |
| १२. | ४०९ | ९४५ | ९५० | १८९५ |
| १३. | ३२१ | ७२६ | ७२८ | १४५४ |
| १४. | ४४७ | १०७२ | १०६४ | २१३६ |
| १५. | ६३२ | १५५८ | १५०४ | ३०६२ |
| १६. | ३४९ | ७८८ | ७५२ | १५४० |
| १७. | १०९७ | २२६२ | १४८१ | ३७४३ |
| १८. | ६१७ | १३२३ | १०७६ | २३९९ |
| १९. | १४७ | ३९१ | ३८९ | ७८० |
| जम्मा | ९८४७ | २१६८६ | १९१४९ | ४०८३५ |

स्रोतः  २०११ इ.सं., कीर्तिपुर नगरपालिका कार्यालय ।

तालिका नं. ४.१ अनुसार सबैभन्दा बढी जनसङ्ख्या वडा नं. ३ मा ४१४९ छ भने सबैभन्दा कम वडा नं. १९ मा ७८० रहेको छ जसमा पुरुषको जनसङ्ख्या ३९१ (५३.११ प्रतिशत) र महिलाको ३८९ (४६.८९ प्रतिशत ) रहेको छ । कीर्तिपुर नगरपालिकामा १९

ओटा वडाहरू रहेका छन् । अध्ययन क्षेत्र कीर्तिपुर नगरपालिका वडा नं. १२ मा अवस्थित रहेको छ । यस वडामा बाहुन, क्षत्री, नेवार, मगर, सार्की, दमाई लयात अन्य केही जातजातिहरूको पनि बसोवास रहेको पाइन्छ । कीर्तिपुर नगरपालिका वडा नं. १२ को घरसङ्ख्या ४०९ र कूल जनसङ्ख्या १८९५ मा पुरुषको जनसङ्ख्या ९४५ (४९.८६ प्रतिशत) र महिलाको जनसङ्ख्या ९५० (५०.१३ प्रतिशत ) रहेको छ ।

## ४.५ कीर्तिपुर नगरपालिकाको जातिगत आधारमा जनसङ्ख्याको विवरण

कीर्तिपुर नगरपालिका भित्र विभिन्न जात/जातिहरूको बसोवास रहँदै आएको छ । यस नगरपालिकामा नेवार जातिको सबैभन्दा बढी बसोवास रहेको छ । त्यस्तै गरी यहाँ ब्रह्मण, क्षत्री, मगर, सार्की, दमाई, तामाङ आदि जातिहरूको मुख्य रूपमा बसोवास रहँदै आएको छ भने अन्य जात/जातिहरूको नगन्य रूपमा रहेको छ । यो नगरपालिकामा सबैभन्दा बढी नेवार २२३९६ (५४.८५ प्रतिशत) रहेको छ भने सबैभन्दा थोरै कोइरीको जनसङ्ख्या ६४ अर्थात् ०.१५ प्रतिशत रहेको छ । क्षत्री जातिको जनसङ्ख्या ७७६३ अर्थात् १९.० प्रतिशत रहेको छ । यसै तथ्याङ्कबाट पनि के प्रस्ट हुन्छ भने क्षत्री जातिको जनसङ्ख्या यस नगरपालिकामा दोस्रो स्थानमा रहेको छ । ब्राह्मण, क्षत्री, नेवार, तामाङ, मगरको जनसङ्ख्या ९१.६८ प्रतिशत रहेको छ भने अन्य जातिहरूको ८.३२ प्रतिशत रहेको छ ।

## ४.६ क्षत्री जातिको परिचय तथा इतिहास

क्षत्री जाति नेपालको एक सुविख्यात, लडाकु र वीर जाति हो, जो नेपाल सिक्किम, भुटान, कुमाउ, गढवाल काँगडासम्म व्याप्त रह्यो र हालसम्म त्यही स्थितिमा रहेको छ । प्राचीन कालदेखि नै यस जाति र यसको राज्य केन्द्र नेपाल नै रह्यो । जसको फलस्वरुप यो देश नै खस देशले सम्बोधित हुन पुग्यो । त्यस जातिको राज्य शासन, गान्धार, मादक, मत्स्य र त्रिगर्तमा समेत भएको उल्लेख छ ।  क्षत्री जाति एक प्राचीन जातिमा पर्दछ । यस जातिको चर्चा इसापूर्व ३००० देखि नै सुरु भएको पाइन्छ र यस अन्तर्गत क्षत्री जाति, क्षत्री साम्राज्य, क्षत्री राजाहरुको नाम, शासन काल, राज्य व्यवस्था, भाषा, देवीदेवता  आदिको सन्दर्भमा जानकारी पाउन सकिन्छ (अधिकारी, २०६१) ।

खस भन्नाले आजभोलि क्षत्री र ब्राह्मण जाति भन्ने अर्थ लाग्दछ । तर पहिले खसको अर्थ एउटा खास जाति बुझाउने तात्पर्यमा प्रयोग हुन्थ्यो, जसमा ब्राह्मण, क्षत्री आदि सबै वर्गका व्यक्ति समाविष्ट हुन आउँथे । नेपालमा खस शब्दको अर्थ आज सङ्कुचित हुँदै आए पनि नेपाल भन्दा पश्चिम कुमाउँ-गढवाल आदि ठाउँमा प्राचीन समयमा जुन अर्थमा प्रयोग हुन्थ्यो त्यही अर्थमा आज पनि खस शब्द प्रयोग हुन्छ । जस्तै खस ब्राह्मण, खस क्षत्री आदि । खस नामधारी पचासौँ प्रकारका थर भएका जनता यहाँ पाइन्छन् । सुगौली सन्धी अघि र पछि नेपालीहरूको सम्बन्ध त्यस क्षत्रीसत बराबर रहेको पाइन्छ (शर्मा, २०५८) । त्यस क्षेत्र बाट नै नेपालका खसहरू पूर्वतर्फ क्रमश बिस्तार भएको अनुमान लगाउन सकिन्छ ।

नेपाली समाजमा खसहरू पनि छन् जो क्षत्रीहरूकै गणनामा वा बाहुनकै गणनामा आउँदछन् । पूर्वी नेपालमा खसको भावना छैन तर सुदुरपश्चिमी नेपालमा त्यो स्पष्ट रूपमा पाइन्छ । यी खसहरू इसाको प्रारम्भतिर यता पसे र पछि धर्म परिवर्तनद्वारा क्षत्रीहरू मात्र होइन ब्राह्मणमा समेत प्रवेश गरे । त्यसैकारण खसहरू ब्राह्मण क्षत्री दुबै छन् (शर्मा, २०५८) । परशुरामका बाबुको आश्रम उजाड पारेर नष्ट पार्ने क्षत्री जमदग्निलाई मारेपछि परशुरामले सम्पूर्ण क्षत्रीहरूको वंशको नास भएको र बाँकी उनको डरले ब्राह्मण हुन पुगे भने कोही यज्ञोपवीतहीन व्रात्यक्षत्रीय पनि भएका छन् । नेपालको सुदूरपश्चिम पहाडमा बस्ने मतवाली क्षत्रीहरू पनि आफू यज्ञोपवीतहीन हुने कारणमा परशुरामकै भएको कुरा बताउँदछन् (मिश्र, २०५७) ।

खसानको पुरानो बस्ती छोडेर पूर्वतिर लागेपछि मात्रै खसहरूले आफ्नो पुरानो परम्परा छोडेर सजिलैसँग जनै लगाउन सक्ने हुनाले आफूलाई खस भन्न छोडेर क्षत्री भन्ने गर्छन् । त्यसैले खस भन्ने जनजाति सुदूरपश्चिममा मात्र बाँकी रहेका देखिन्छन् । उनीहरूको थर, भाषा र अनुहार एकै हुनाले जात उकालेर क्षत्री बन्न खासै गाह्रो पनि पर्दैन (विष्ट, २०६४) ।

नेपाली भूमिमा अनादिकालदेखि बसोवास गर्दै आएका खस क्षत्रीहरू आदिवासी जाति हुन् भन्ने सन्दर्भमा विभिन्न पौराणिक ग्रन्थ, साहित्य, ऐतिहासिक एवम् पुरातात्विक अन्वेषण तथा अध्ययनबाट प्रमाणित हुन्छ । यहाँ विभिन्न अवधारणा र ऐतिहासिक प्रमाणलाई सङ्क्षिप्त वर्णन गर्दा खसहरू आर्य जातिका र काश्मिरी जस्तै भएको तर्क अघि सार्दै

उनीहरू यहाँ भारत युद्धकाल (१२००-१४०० ई.पू.) तिर सतलज नदीका माथिल्ला भागमा र मानसरोवर लेक वरिपरि बस्ने गरेको उल्लेख रवट सेफरले गरेका छन् । उनले खसहरूलाई नेपाल र कुमाउँका हिमाली क्षेत्रका बासिन्दा मान्छन् भने अर्का विद्वान् ग्रिअरसनले खसहरूका पुर्खा मध्ये एसियाबाट पश्चिम भारत हुँदै हिमालयका पादभाग भएर नेपालसम्म बसोवास गरेको उल्लेख गर्दै ती जातिहरू खस क्षत्री भएकाले उनीहरूको भाषालाई खस भाषा भनिएको र त्यही भाषालाई पछि नेपाली भाषा भनिएको स्पष्ट पार्दछन् (क्षत्री, २०६६) । खस जाति नेपालको एक सुविख्यात लडाकु र वीर जाति हो जो नेपाल, सिक्किम, भुटान, कुमाउ, गढवाल, काँगडासम्म व्याप्त रह्यो र हाल त्यही स्थितिमा रहेको छ । कर्णाली जिल्लमा सिञ्जा उपत्यकामा १२ औं देखि १४ औं शताब्दीसम्म खसले आफ्नो राज्य विस्तार गरेका थिए । जसलाई नेपालका प्राचीन खसहरूको महत्वपूर्ण राज्यको रूपमा लिइन्छ । त्यसैले यस जातिको राज्यको केन्द्र नेपाल नै रहेको पाइन्छ । जसका कारण यो देश खस देश सम्बोधित हुन पुग्यो र यो जाति एउटा प्राचीन जातिमा पर्दछ ।

खस क्षत्रीहरू यथार्थमा यसै भूमिका आदिवासी भूमि पुत्र हुन् तर आफ्नै इतिहासप्रतिको अनभिज्ञता र अल्प ज्ञानका कारण उनीहरू मध्ये कतिपयले आफ्ना पुर्खाहरू भारतको चितौरगढका राजपूतसँग जोड्दछन् भने ब्राह्मणहरू कान्कुब्ज र गौड देशको सपना देख्दछन् । तर उनीहरू कुमाउ गढवाल हुँदै पश्चिम नेपाल प्रवेश गरेका सबै क्षत्री बाहुनहरू खस हुन् । यसरी पश्चिम नेपालबाट पूर्वतिर लागेका खसहरूले आफूलाई क्षत्री लेख्दै आएको पाइन्छ । यद्यपि लोकतन्त्रको सफलता पछि क्षत्रीहरूका समाज गठन हुँदै जाने क्रममा खस क्षत्री भन्ने चलन देशभरि चलेको पाइन्छ (क्षत्री समाजका प्रकाशनहरु) ।

## ४.७ क्षत्री जातिको जनजीवन

नेपाल विभिन्न जातजातिहरुको साझा फुलबारी हो । यहाँ बसोवास गर्ने विभिन्न जातिहरु एक आपसमा मिलेर बसेका छन् । एकको सहयोग अर्कोलाई अति आवश्यक देखिन्छ । कीर्तिपुर नगरपालिका वडा नं. १२ का सम्पूर्ण क्षत्री जातिको आ-आफ्नो परम्रागत धर्म, संस्कृति, रहनसहन आदि रहेको पाइन्छ । यहाँका क्षत्रीहरुमा रूढीवादी धारणा र परम्पराले अझै पनि आफ्नो प्रभुत्व जमाएको छ । यिनीहरुमा ईश्वरमा भर पर्ने, देवी देवतामा आस्था राख्ने, बिरामी भएमा बोका, कुखुराको भाले भाकल गर्ने जस्ता परम्परागत

अन्धविश्वास प्रचलित रुपमा रखेको देखिन्छ । यसरी आफ्नो संस्कार अनुरुप कार्य गर्ने भएकाले यिनीहरुको जनजीवन प्रायः पुरानै धारणा र शैलीमा हुर्किँदै आएको देखिन्छ ।

## ४.८ रहनसहन तथा खानपिन

यहाँ बसोवास गर्ने क्षत्री जातिको रहनसहनमा क्रमशः परिवर्तन हुँदै गएको देखिन्छ । दैनिक चल्ने जीवन प्रक्रियालाई सरल र सुगम बनाउनु अनि व्यावहारिक बनाउन यिनीहरुले आफ्नै प्रकारको चलन र रहनसहन प्रक्रिया अँगाल्दै आएका छन् । आर्थिक, भौगोलिक र सांस्कृतिक विविधताले रहनसहनमा भिन्नता ल्याएको पाइन्छ ।

यहाँ बसोवास गर्ने क्षत्रीहरु साधारणतया दालभात, रोटी, मकै, माछा मासु, तरकारी खाने गर्दछन् । आर्थिक दृष्टिले मध्यम रहेका क्षत्रीहरु कृषि पेसालाई मुख्य पेसाको रुपमा लिन्छन् । जातीय परम्परा अनुसार माछा, खसी, कुखुरा आदिको मासु खाने गर्दछन् ।

## ४.९ भाषा र धर्म

यहाँ बसोवास गर्ने क्षत्री जातिको मुख्य भाषा नेपाली हो । यिनीहरु हिन्दु धर्म मान्दछन् । यिनीहरु आफ्नो कुलदेवतालाई रक्षकको रुपमा पुज्दछन् भने महादेव, पार्वती, विष्णु, लक्ष्मी, दुर्गा भवानी, कालीका, सरस्वती आदिको पनि पूजा गर्दछन् । खास गरी उनीहरु दैवी शक्ति र प्राकृतिक धर्ममा विश्वास गर्दछन् । यिनीहरुले वर्षको एक पटकमा कुलको मन्दिरमा कुल पूजा गर्दछन् । कुल पूजामा सगोत्र बाहेक अरुलाई समावेश गराउँदैनन् ।

## ४.१० वस्त्र तथा आभूषण

यस क्षेत्रमा बसोवास गर्ने क्षत्री पुरुषहरुले लगाउने परापूर्व कालदेखि चलिआएको पोशाक दौरा सुरुवाल, कमिज, पाइन्ट, कोट, टोपी आदि हाल आएर बिस्तारै हट्दै गएको पाइन्छ । युवाहरुको पोसाकमा सर्ट, टिसर्ट, पाइन्ट र महिलाहरुले लुङ्गी, चोलो, कुर्ता सुरुवाल, म्याक्सी आदि लगाउने गरेको पाइयो । आभूषणको हकमा यिनीहरुले सुन र चाँदी दुबै धातुबाट बनेका गहना लगाउने गरेको पाइयो । विवाहित महिलाले घाँटीमा पोते, मङ्गलसुत्र, सिक्री, सिउँदोमा सिन्दूर तथा नाकमा बुलाकी, फुली, कानमा रिङ र मुन्द्राहरु

लगाउने, हातमा सुनका बाला लगाउने गरेको पाइयो । हाल विवाह उत्सव र अन्य उत्सवमा सुन चाँदीका गरगहनाहरु लगाउनेको होडबाजी नै चलेको पाइयो ।

## ४.११ जीवन संस्कार

### ४.११.१ जन्म

क्षत्री जातिमा छोरीलाई भन्दा छोरालाई प्राथमिकता दिने चलन छ । प्राय: सबै जातिहरुमा यस्तो विश्वास रहेको पाइन्छ । यहाँका क्षत्रीहरु छोरा जन्मेको छैटौं दिनमा छैटी गर्दछन् । बच्चा जन्मेको दिनदेखि न्वारानको दिनसम्म बच्चाकी आमालाई एउटा कुनामा राखिन्छ । यस बिचमा उनलाई कसैले छुन हुँदैन । बच्चा जन्मेको ११ औं दिनमा न्वारान गर्ने चलन छ । न्वारानको दिनमा बच्चाको नामकरण पण्डितद्वारा गरिन्छ र त्यस्तै दिनदेखि सुतक पनि सकिन्छ । सुतक चोख्याउन गाईको गहुँत छर्किने काम हुन्छ । न्वारानमा पण्डितले जुराइदिएको नाम यिनीहरु गोप्य नै राख्छन् ।

### ४.११.२ पास्नी

पास्नी भनेको अन्नप्रासन संस्कार हो । क्षत्रीहरुमा बच्चा जन्मेको ५ महिनामा छोरीको र ६ महिनामा छोराको पास्नी वा अन्नप्रासन गरे पनि कुँवर क्षत्रीहरुमा भने पास्नी गर्ने प्रचलन छैन बरु न्वारानकै दिनमा बालक वा बालिकालाई भातको सिता खुवाउने प्रचलन छ ।

### ४.११.३ व्रतवन्ध

क्षत्री जातिका बालकको ७ वर्षदेखि १५ वर्ष भित्रमा व्रतवन्ध गर्नुपर्ने विश्वास अनुसार व्रतवन्धमा मामाको हातबाट कपाल खौरिन लगाउँदछन् र नजिकको नातेदारलाई भोजभतेर खुवाउने चलन पनि पाइन्छ ।

### ४.११..४ विवाह

क्षत्री जातिमा मागी विवाह गर्ने प्रचलन अधिक रहेको पाइन्छ । मागी विवाह गर्दा केटाको तर्फबाट केटीका घरमा लमी पठाउने चलन छ । त्यही लमीले नै केटीको घरमा गएर कुरा चलाउँदछन् । केटीका तर्फबाट प्रस्ताव मन्जुर भयो भने विवाहको तिथि तय

हुन्छ । क्षत्री समुदायमा विवाह २० वर्ष कटेपछि गरेको पाइन्छ भने अन्तरजातीय विवाह यदाकदा भएको पाइन्छ । आजभोलि केटी पक्षबाट केटाकोमा कुरा गर्ने प्रचलन पनि बढ्दै गएको छ ।

### ४.११.५ मृत्यु

अन्य संस्कार जस्तै मृत्यु संस्कार पनि क्षत्री जातिको एक प्रमुख संस्कार हो । यो हिन्दु धर्ममा आस्था राख्ने जाति भएकोले मृत आत्माको मोक्ष प्राप्तिको लागि मृत्यु संस्कार गर्ने परम्परा रहेको छ । मृत्यु भएको घरमा दाजुभाइ र छरछिमेकीहरु जम्मा भई लासलाई नदीको किनारमा (घाटमा) लगेर जलाउँछन् । मृतकका छोराहरु कपाल खौरी सेता पहिरनमा १३ दिनसम्म चोखो निष्ठा गरी किरिया संस्कारमा बसी १३ औं दिनमा शुद्धिकार्य पुरेतद्वारा सम्पन्न गराउँछन् ।

# एकाइ - पाँच

# तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण

यस अध्यायमा क्षत्री जातिको विवाह पद्धति अन्तर्गत परिवर्त्यहरूको तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण गरिएको छ ।

## ५.१ परिवारप्रतिको अवधारणा

परिवार मानव संस्कृति र सभ्यताको आधार हो । परिवार भनेको एउटा सार्वभौमिक संस्था हो । संसारमा मानव समाज संरचनाको एक सार्वभौमिक प्राथमिक एवम् आधारभूत सामाजिक संस्थाको रूपमा लिन सकिन्छ । मानव समाजलाई निरन्तरता दिने वा जीवित राख्ने सर्वाधिक महत्वपूर्ण सामाजिक संस्था  हो । परिवार संस्कृतिको केन्द्रबिन्दु हो भन्न सकिन्छ । विवाह र प्रजननद्वारा स्थापित हुने आमा-बाबु र बच्चाको त्रिकोणात्मक सामाजिक समूह वा संरचनालाई परिवार भन्न सकिन्छ । परिवार भनेको त्यस्तो सामाजिक संस्था हो जहाँ व्यक्तिको व्यक्तित्व निर्माण गर्ने, मानिसको आधारभूत आवश्यकता परिपूर्ति हने, सांस्कृतिक मूल्य र मान्यता सिकाउने, रक्त शुद्धता, सम्पत्ति साथै सांस्कृतिक सम्पदालाई हस्तान्तरण गर्ने महत्वपूर्ण पाठशाला हो । वास्तवमा भन्ने हो भने परिवार समाजले मान्यता दिएको विवाह प्रथा तथा रक्त सम्बन्धद्वारा स्थापित दुई वा दुईभन्दा बढी व्यक्तिहरूको आपसी सम्बन्धमा बाँधिएको समूह हो । जसमा श्रीमान्, श्रीमती, छोरा, छोरी रहेका हुन्छन् ।

क्षत्री समाज पितृसत्तात्मक समाज हो । यस समाजमा लोग्ने मानिसले नै सामाजिक सम्बन्धको नेतृत्व गरेका हुन्छन् । बाबुको शेषपछि जेठो छोरा नै घरको हर्ताकर्ता हुने गर्दछ । पितृकार्य, देवकार्य, सम्पत्तिको अधिकार पनि छोरामा अन्तरनिहित हुन्छ । घर व्यवहारको सम्पूर्ण काम छोरामा रूपान्तरित भएको पाइन्छ । हालसम्म पनि क्षत्री समाजमा छोरा जन्मदा विशेष मान्यता दिने चलन रहेको छ (पन्थी, २०४२) ।

### ५.१.१ उत्तरदाताहरूको पारिवारिक संरचना

परिवारको संरचना मुख्य गरेर तिन प्रकारका छन् :

एकात्मक परिवार- एकात्मक परिवार भन्नाले लोग्ने स्वास्नी र उनीहरूका अविवाहित छोराछोरीहरूलाई बुझाउँदछ ।

संयुक्त परिवार- संयुक्त परिवार भन्नाले आमा बाबु, विवाहित छोरा, अविवाहित छोरा र छोरीलाई जनाउँदछ ।

बृहत् परिवार- बृहत परिवार भन्नाले आमा बाबु, बाबुका दाजुभाइ विवाहित र अविवाहित छोराछोरी समेतलाई बुझाउँदछ ।

## तालिका नं. ५.२ परिवारको बनोटको आधारमा पारिवारिक विवरण

| पारिवारिक किसिम | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक परिवार | ५६ | ६२.२० |
| संयुक्त परिवार | २४ | २६.७० |
| बृहत परिवार | १० | ११.१० |
| जम्मा | ९० | १००.०० |

स्रोत– स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. ५.२ अनुसार क्षत्री समाजमा अहिले पनि संयुक्त परिवारलाई आर्थिक तथा सामाजिक रूपमा मर्यादित रूपमा लिने गरेको पाइन्छ । यस्तो मर्यादित रूपमा लिइनुको मुख्य कारण घरमुलीको आवश्यक निर्देशनले परिवार नियन्त्रित तथा व्यवस्थित रूपमा अगाडि बढेको हुन्छ । परिवारमा आइपर्ने कुनै समस्या सामूहिक रूपमा समाधान गर्न सजिलो पर्दछ । क्षत्री जातिमा एकात्मक परिवारलाई बढी रुचाए पनि अध्ययन क्षेत्रको अध्यनले संयुक्त परिवार अझै पनि २६.७० प्रतिशत रहेको छ । ठुलो परिवारबाट आफ्ना इच्छा आकांक्षा र आवश्यकता परिपूर्ति नहुने देखिएकाले एकल परिवारतर्फ मानिसहरू ढल्किँदै गएको देखिन्छ । यसबाट के स्पष्ट हुन्छ भने संयुक्त परिवारको आकार घट्दै जाने र एकल परिवारको आकार बढ्दै जानुले गर्दा परिवारहरू परिवर्तनमुखी भएका छन् भन्ने कुरा देखाउँछ ।

## ५.१.२ उत्तरदाताहरूको परिवारको आकार

परिवार एउटा यस्तो सामाजिक समूह हो जसमा सामान्य माता, पिता र उसका बालबच्चाहरू रहेका हुन्छन् । हाम्रो देशमा परिवारको आकारको बारेमा कुरा गर्ने हो भने

यहाँ समानता पाइँदैन । नेपालमा अशिक्षा, धार्मिक रूढिवादी आदिको कारणले जनसङ्ख्याको प्रजनन दर घटाउन सकिएको छैन । यहाँ कसैले दर्जनौं बच्चाहरू जन्माएका छन् भने कसै कसैले दुइटामा सीमित भएका पनि छन् । यस्तो हुनुमा छोरा र छोरीको चाहना गर्ने आमा बाबुको कारणबाट हुन गएको हो । नमुना छनोटमा परेका उत्तरदाताहरूको परिवारको आकार तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं.५.३ उत्तरदाताहरूको परिवारको आकार**

| क.सं. | परिवारका सदस्यहरू | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | धेरै सानो (१-२) | ४ | ४.४४ |
| २. | सानो (३-५) | ४६ | ५१.११ |
| ३. | मध्यम (६-८) | २८ | ३१.११ |
| ४. | ठुलो (९ भन्दा माथि) | १२ | १३.३३ |
| जम्मा | | ९० | १००.०० |

स्रोतः- स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. ५.३ बाट के स्पष्ट हुन्छ भने सबैभन्दा सानो सदस्य भएको परिवारको सङ्ख्या ४ छ भने सानो सानो परिवार (३-५) को सङ्ख्या सबैभन्दा बढी ४६ रहेका छन् । त्यस्तै गरी मध्यम (६-८) सम्म २८ परिवार र ठुलो (९ भन्दा माथि) १२ परिवार रहेका छन् ।

### ५.१.३ उत्तरदाताहरूको पारिवारिक आकार सम्बन्धी धारणा

नमुना छनोटमा परेका उत्तरदाताहरूसँग तपाइँ कस्तो परिवारको आकार मन पराउनु हुन्छ भन्ने प्रश्नको जवाफमा उत्तरदाताहरूको उमेर समूह अनुसारको धारणा निम्नानुसार रहेको छ :

**तालिका नं. ५.४ उत्तरदाताहरूको पारिवारिक आकार सम्बन्धी धारणा**

| उमेर समूह | एकात्मक परिवार | संयुक्त परिवार | जम्मा |
|---|---|---|---|
| २५ भन्दा कम | २४ | ४ | २८ |
| २६ देखि ४० सम्म | १६ | २० | ३६ |
| ४१ भन्दा माथि | १० | १६ | २६ |
| जम्मा | ५० | ४० | ९० |

स्रोतः- स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. ५.४ अनुसार ५५ प्रतिशतले एकात्मक परिवारलाई मन पराएका छन् भने ४५ प्रतिशतले संयुक्त परिवारलाई मन पराएको पाइएको छ । संयुक्त परिवार र एकल परिवारको बिचमा खासै अन्तर नदेखिएतापनि एकल परिवारप्रतिको रुचि भने बढी नै देखिन्छ । यसरी संयुक्त परिवार टुक्रँदै जानुमा मुख्य गरेर आम्दानीको स्रोत, वर्तमान समाजमा सामाजिक भलाइलाई भन्दा व्यक्तिगत भलाइलाई महत्व दिने प्रवृत्ति, व्यक्तिगत उन्नति र प्रगतिका लागि अघि बढ्ने जस्ता कारणले गर्दा संयुक्त परिवार प्रथा टुक्रिन गएको देखिन्छ ।

### ५.१.४ क्षत्री समाजमा सक्रिय तथा निष्क्रिय जनसङ्ख्या

कुनै पनि समाज, राष्ट्र वा देशको सामाजिक, आर्थिक व्यवस्थाले त्यस समुदायको उमेरगत संरचना, सक्रिय र निष्क्रिय जनसङ्ख्याको संरचनाले त्यहाँको स्वरूप स्पष्ट पार्दछ । त्यसैले अध्ययन क्षेत्रको सक्रिय र निष्क्रिय जनसङ्ख्याको बनोटलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

### तालिका नं. ५.५ क्षत्री समाजमा सक्रिय तथा निष्क्रिय जनसङ्ख्या

| उमेर समूह | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सक्रिय जनसङ्ख्या | २०२ | ७५.९३ | १९२ | ७८.०४ | ३९४ | ७६.९५ |
| निष्क्रिय जनसङ्ख्या | ६४ | २४.०६ | ५४ | २१.२५ | ११८ | २३.०४ |
| | २६६ | १०० | २४६ | १०० | ५१२ | १०० |

स्रोतः- स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. ५.५ अनुसार सबैभन्दा बढी जनसङ्ख्या १६-६० उमेर समूहमा रहेको छ जसमा पुरुष २०२ र महिला १९२ रहेको छ । त्यसैगरी ०-१५ उमेर समूहको र ६० वर्ष भन्दा माथिको जनसङ्ख्या ११८ मा पुरुष ६४ र महिला ५४ जना रहेको देखिन्छ । यस तालिकाबाट के प्रस्ट हुन्छ भने सक्रिय जनसङ्ख्या ३९४ अर्थात् ७६.९५ प्रतिशत रहेको छ भने निष्क्रिय जनसङ्ख्या २३.०४ प्रतिशत रहेको छ ।

## ५.१.५ उत्तरदाताको इच्छा अनुसार छोरा र छोरीको चाहना अनुरूप वर्गीकरण

उत्तरदाताको इच्छा अनुसार छोरा र छोरीको चाहना अनुरूप वर्गीकरण तलको तालिका प्रस्तुत गरिएको छ :

### तालिका नं. ५.६ उत्तरदाताको इच्छा अनुसार छोरा र छोरीको चाहना

| क.सं. | उत्तरदताको इच्छा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | छोरा | ५० | ५५.५५ |
| २. | छोरी | १० | ११.११ |
| ३. | बराबर (छोरा र छोरी जे भए पनि हुने) | ३० | ३३.३३ |
| | जम्मा | ९० | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. ५.६ अनुसार छोराको चाहना गर्ने ५० जना अर्थात् ५५.५५ प्रतिशत रहेको छ भने छोरीको इच्छा गर्ने १० अर्थात् ११.११ प्रतिशत र छोरा छोरी दुबै बराबरी भन्ने उत्तरदाताहरू ३० जना अर्थात् ३३.३३ प्रतिशत रहेको देखिन्छ । शिक्षाको कमी, परम्परागत धारणा, बुढेसकालमा छोराको साहरा लिनु पर्ने र वंश स्थायित्वको कारणले गर्दा यहाँका उत्तरदाताहरूले छोराको चाहना बढी गरेको पाइयो ।

## ५.१.६ पारिवारिक विखण्डन

विवाह पछि केटीको भूमिकामा पनि परिवर्तन आउने गर्दछ जसले गर्दा ऊ अब छोरी नभई बुहारीको रूपमा कार्य गर्दछे । घरका सबै कामहरू उसको ठुलो भूमिका रहन्छ । घरभित्रका कामदेखि लिएर घर बाहिरका काम समेत सबै उसले गर्नु पर्ने हुन्छ । उसको काम व्यवहारले नै घर परिवार टिकाउने र फुटाउने भन्नेमा निर्भर गर्दछ । पेसा परिवर्तन हुँदै जानाले पनि परिवारको संरचनामा भिन्नता आएको पाइन्छ । केही समय पछि ऊ आमा पनि बन्दछे । घरको सबै कामहरूमा उसको कर्तव्य र दायित्व रहिआएको हुन्छ ।

नमुना छनोटमा परेका उत्तरदाताहरूसँग तपाइँको विचारमा परिवार बिखण्डन हुनाको कारण के होला भन्ने प्रश्नको उत्तरमा पारिवारिक विखण्डन सम्बन्धी धारणा तलको तालिकामा प्रस्तुत गरिएको छ :

### तालिका नं. ५.७ पारिवारिक विखण्डनप्रति उत्तरदाताको धारणा

| क.सं. | पारिवारिक विखण्डन हुने कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | घरायसी झैँझगडाको कारण | ३२ | ३५.५५ |
| २. | घरभन्दा टाढा रोजगारीको कारण | ३० | ३३.३३ |
| ३. | घरमूलीको नियन्त्रणमा बस्न नचाहेर | १८ | २० |
| ४. | अन्य | १० | ११.११ |
| जम्मा | | ९० | १०० |

स्रोत:- स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. ५.७ अनुसार पारिवारिक विखण्डन हुनाको कारणमा घरमूलीको नियन्त्रणमा बस्न नचाहेर भन्नेहरूको सङ्ख्या १८ (२० प्रतिशत), घरायसी झैंझगडाको कारणबाट ३२ (३५.५५ प्रतिशत), घरभन्दा टाढा रोजगारीको कारण ३० (३३.३३ प्रतिशत) र अन्य कारणमा १० (११.१२ प्रतिशत) रहेको छ ।

परिवारमा बिखण्डन आउनुमा मुख्यतया संयुक्त परिवारप्रतिको वितृष्णा र एकात्मक परिवारप्रतिको रुचिले गर्दा भएको हो भन्न सकिन्छ । संयुक्त परिवारमा व्यक्तिगत इच्छा र आवश्यकतालाई दबाउनु पर्ने, भनेको समयमा खानपिन, हिँडडुल गर्न नपाइने काम गर्नेले गरेको गर्‍यै, नगर्नेले मोज मस्तीमा नै हिँड्ने हुँदा परिवारका अन्य सदस्यहरू जो रातदिन घरकै लागि काम गर्नु पर्ने हुन्छ । तर उनीहरूको व्यक्तिगत इच्छाले ठाउँ नपाउनाले गर्दा पीडित व्यक्तिहरू नै संयुक्त परिवारबाट बाहिरिन चाहन्छन् । यस्ता परम्पराहरू विस्तार विस्तार छोडिदै नयाँ नयाँ विचार, शिक्षा आदिका कारणले गर्दा संयुक्त परिवारप्रतिको मोह हट्ने र एकात्मक परिवारप्रतिको मोह बढ्दै जानुमा पुरानो पिँढी र नयाँ पिँढीको बिचको आपसमा समझदारी हुन नसक्नु, परम्परागत र आधुनिक सोचाइ बिच तालमेल हुन नसक्नुले पनि परिवारमा बिखण्डन सृजना गराएको हो भन्ने देखिन्छ ।

## ५.२ वैवाहिक प्रक्रिया र किसिम

### ५.२. १ विवाह संस्कृति

विवाह दुई स्त्री र पुरुषको दाम्पत्य संयोग मात्र नभई एउटा कौटुम्बिक समबन्धको जालोको निर्माण पनि हो र यो सम्बन्ध सन्तुलन र सञ्चालनका लागि त्यसका अरु सहयोगी

संस्थागत पक्षहरूले पनि यसको क्रियाशीलतालाई प्रभाव पारेका हुन्छन् । यस पक्षले हाल कायम रहेको वैवाहिक अभ्यासको मर्म बढी वैज्ञानिक मान्न सकिन्छ । अर्थात् विवाहमा दुई व्यक्तिको संयोग मात्र नभई दुई परिवारको संयोग र एउटा मौलिक कौटुम्बिक संस्थाको व्यवस्थित सृजना हुन्छ भन्ने मत समाजमा रहेको पाइन्छ । विवाहको अनेक अर्थ मध्ये एक अर्थ समाजद्वारा स्वीकृत पद्धति अनुसार स्थापित दाम्पत्य सम्बन्ध हो । विद्वान वेस्टरमार्कले "विवाह एक या धेरै पुरुषको एक या धेरै स्त्रीहरूसँगको यस्तो सम्बन्ध हो जो रीतिरिवाज या कानुनद्वारा मान्य हुन्छ ।" त्यसैगरी हिन्दु संस्कार अनुसार विवाह शब्दको आशय विशिष्ट रूपले एकले अर्कालाई पति पत्नीको रूपमा बहन गर्नु नै हो अर्थात् बधूलाई पितृघर तर्फबाट घरतर्फ लगिनु नै विवाह भनिन्छ । यसमा वरको थर, गोत्र र प्रवरमा वधूलाई बदलिन्छ । संस्कृतमा भनिएको छ- "पुंनाम नरकात् त्रायते इति पुत्र" अर्थात् विवाहमा गरेमा पुत्रले पुनाम गरेको नर्कबाट बुबा आमालाई तारिदिन्छ । यसको अर्थ प्रत्येक व्यक्तिले जिउँदो रहेर भौतिक सुखसयल गर्नु होइन कि पारमार्थिक चिन्तन समेत हुनुपर्ने आवश्यकीय तत्व विवाहसँग जोडिएको देखिन्छ । उपनयन पछि ब्रह्मचर्यमा रही ब्रह्मचर्याश्रमका सबै नियमहरू पालना गरी अध्ययनादि कर्म समाप्त गरेपछि गुरुहरूको आज्ञाले ग्रहथाश्रममा प्रवेश गर्ने कर्म विवाह हो । हिन्दु परम्परा अनुसार व्रतबन्ध गरेर मात्र विवाह गर्नुपर्ने नियम छ । यो नियम हुनाको खास कारण उपनयन (व्रतबन्ध) गरेमा व्यक्तिमा शुद्धता आई राम्रो ज्ञान हासिल हुने र कुनै पनि कार्य गर्न सक्षम हुन्छ भन्ने मान्यता रहेको छ । त्यसैले हिन्दु संस्कारमा व्यक्तिको व्रतबन्ध कार्य गरिसकेपछि अध्ययनादि कार्य सकेर आफ्नो इष्ट नातागोता नपर्ने, सगोत्री नभएको, आफ्नै धर्मको, जातको सपिण्ड नपर्ने र अरु पुरुषले उपभोग नगरेकी सुन्दरी युवतीका साथ वैदिक वधि अनुसार शुभ विवाह गरोस् भन्ने छ । तर ईसाइहरूले भने विवाहलाई एउटा करार सम्बन्ध भन्दछन् जसलाई शास्त्रीय विधि अनुसार उत्सवद्वारा प्रमाणित गरिन्छ भन्ने आमधारणा छ । त्यसैगरी कानुनी रूपमा विवाह एक पुरुष र एक महिला बिचको वैवाहिक कार्य भन्दा बढी कानुनी रूपमा जीवन भर वा पारपाचुके नभएसम्म पति पत्नीको रूपमा आवद्ध भै संसर्गमा रही आफ्नो र समुदायका कर्तव्य पालना गर्ने सर्त, अवस्था र सम्बन्ध हो । धर्मशास्त्र अनुसार विवाह विनाको जीवन अपूर्ण हुन्छ । तसर्थ विवाहलाई सबै संस्कारहरूमध्ये महत्वपूर्ण संस्कारका रूपमा लिने गरिन्छ । विवाहलाई वैधताको रूपमा लिइएको छ । यसले पारिवारिकताको थालनी गराउँछ । विवाह एउटा मन्जुरनामा र सामाजिक अनुबन्ध हो । पाश्चात्य समाजमा विवाहलाई

मन्जुरनामा र सामाजिक अनुबन्धको रूपमा मानिएतापनि हिन्दुहरूको जीवन संस्कारले भरिएकोले विवाहलाई एउटा संस्कारको रूपमा मानिन्छ । आत्मशुद्धिको लागि धर्मको रूपमा विवाह गरिन्छ । विवाहले खासगरी परिवारको निर्माण गर्दछ । तसर्थ यसको प्रमुख उद्देश्य पनि सृष्टिको क्रमलाई निरन्तर बढाउनु हो । आफ्ना परम्परा, रीतिरिवाजको संरक्षण र सम्बर्द्धनको लागि दरो संगठन निर्माण गर्नु हो । मानव सभ्यतालाई प्रगति गर्दै लानु र सुखमय बनाउनु हो । प्राकृतिक सृष्टि अनुसार प्राकृतिक इच्छा तृप्तिका साथै अराजक स्वच्छन्दताबाट मानवलाई संवेदनशील, शान्त, प्रेममय भावनाको विकासमा सहयोग पुऱ्याउनु जस्ता विवाहका उद्देश्य हुन् । कानुनी दृष्टिबाट हेर्दा विवाहको उद्देश्य जुनसुकै देशमा पनि आफ्नो सम्पत्तिको उपयोग गर्नु र त्यसको संरक्षणको लागि कानुनी रूपले सचेत हुने उत्तराधिकारीको उत्पादन गरी आफू समाजमा बलियो र सचेत बन्न सहयोग लिनु पनि हो (भट्टराई, २०४६) ।

हाम्रो हिन्दु धर्मशास्त्रले मानव जीवनलाई वर्णाश्रम व्यवस्था अनुसार बिताउनु पर्ने आध्यात्मिक पक्ष हामी सामु प्रस्तुत गरेको छ । त्यस अनुसार ग्राहस्थ आश्रम पनि एक हो । जसमा विवाह पश्चात मात्रै प्रवेश गर्न सकिन्छ । विवाहको आध्यात्मिक बन्धन शुद्ध भएकाले एक पटक पनि पत्नीको बन्धमा बाधिँएपछि यो सम्बन्ध विच्छेद हुन गाह्रो पर्दछ । दाम्पत्य जीवनलाई हाम्रो संस्कृतिले आध्यात्मिकताको गहिरो बन्धन मानेकाले जन्माजन्मान्तरको सम्बन्धबाट मिलन हुने र जन्म जन्मान्तरसम्म यो अक्षुण रूपमा  रही रहने मानिएको छ । अविवेक कदमहरू रोक्न सभ्य तरिकाले जीउन र धर्मको नामबाट पनि समाजलाई आध्यात्मिक मर्यादापूर्ण वैवाहिक संस्कार प्रदान गरिएको हो (तिवारी, २०२६ ) ।

विश्वमा विभिन्न जात, धर्म, संस्कृति, समाज र परम्परा अनुसार विवाह गर्ने तरिका र बुझाई फरक-फरक रहेको परिवेशमा विवाहको उद्देश्य भने एउटै रहेको पाइन्छ । विवाह संस्कृतिको अध्ययन गर्दा क्षत्री समाजमा पनि विवाह कार्य सम्पन्न गर्ने तरिका र प्रकारहरू आफ्नै मौलिक खालका रहेका छन् । यहाँका समुदायमा एउटै गोत्र, प्रवरमा विवाह नगरी विगोत्र, प्रवर भिन्नै भएको, सपिण्ड नपर्ने, सजाति, सधर्मका व्यक्तिहरूका बिचमा विवाह कार्य गर्ने चलन छ । यस समाजमा परम्परागत मागी विवाह पद्धति बढी प्रचलनमा रहे पनि भागी विवाह वा प्रेम विवाह, विधूर/विधवा विवाह, अन्तरजातीय विवाह आदि प्रचलनमा रहेको पाइन्छ ।

## ५.२.२ अध्ययन क्षेत्रमा प्रचलित विवाह प्रथा

विगतमा विश्वमा विभिन्न वैवाहिक पद्धतिहरू हावी थिए । यी मध्ये केही रूपातन्तरण हुँदै हालसम्म कायम छन् । केही नयाँ पद्धतिहरू जन्मने र विकास हुने क्रममा छन् । पक्कै पनि भविष्यमा यस्तो क्रम जारी रहनेछ । वर्तमान विश्वभित्र नै विभिन्न भूभागमा, विभिन्न मुलुक, धर्मावलम्बी, सांस्कृतिक समूह र जनसमुदायहरूमा विभिन्न पद्धतिअन्तर्गत वैवाहिक सम्बन्ध स्थापित गर्ने गरिन्छ । वैवाहि सम्बन्धभित्रको घनिष्ठता, स्थायित्व, लेनदेन र अन्य अन्तर्क्रियाका साथै दम्पत्तिको बालबच्चासँगको र परिवारका अन्य सदस्य, नातागोता र मित्रगणसँगको सम्बन्ध पनि भिन्न-भिन्न रहेको पाइन्छ ।

कुनै खास समाज, जनसमुदायमा समेत स्थापित वैवाहिक पद्धति स्थिर नभएको भेटिन्छ । कुनै पद्धति बढी ग्राह्य बन्दै जाने क्रममा हुन्छन् भने कुनैले क्रमशः वैद्यता गुमाउँदै गएका हुन्छन् । यसरी कालान्तरमा स्थापित वैवाहिक पद्धतिको रूपान्तरण भएको छ र नयाँ पद्धतिहरू स्थापित हुँदै गएका छन् । नेपालको सन्दर्भमा सीमित हुने हो भने पनि यहाँ विभिन्न विवाह पद्धतिहरू कायम छन् । 'मागी' विवाह जसलाई परिवार र नजिकका नातागोताद्वारा रचित र संरक्षित विवाह भन्न सकिन्छ, यी मध्येको एउटा पद्धति हो । 'प्रेम' विवाह जुन विवाह गर्ने केटा र केटीको इच्छा अनुसार हुन्छ, यो अर्को विवाह पद्धति हो ।

यिनका साथै पनि अन्य विशिष्ट विवाह पद्धतिहरू विद्यमान छन् । जस्तैः जारी विवाह, विधवा/विधूर विवाह, बाल विवाह, श्रृङ्खलायुक्त विवाह, बहुविवाह (बहुपत्नी, बहुपति प्रथा अन्तर्गत), एक विवाह, क्रमबद्ध एकल विवाह आदि । यी विभिन्न पद्धतिका आ-आफ्नै छुट्टै परिवेश छन् । तर यी पछिल्ला कोटिका विवाहहरू समेत कि त 'मागी' पद्धति अनुसार हुन्छ, कि त 'प्रेम' पद्धति अनुसार (मिश्र, २०५७) ।

विवाह मानव जीवनमा आइपर्ने विभिन्न संस्कारहरूमध्ये एक महत्वपूर्ण संस्कार हो । विवाहबाट परिवारको निर्माण हुन्छ । प्रत्येक समुदाय तथा जात/जातिहरूको वैवाहिक परम्परामा एकरूपता पाइँदैन । ठाउँ तथा जाति अनुरूप वैवाहिक परम्परामा भिन्नता देखिन्छ । यद्यपि क्षत्री जातिको वैवाहिक परम्परा पनि विभिन्न ठाउँ अनुसार फरक फरक हुन सक्छ ।

विशेष गरेर क्षत्री जातिमा आफ्नो जातीय तह अन्तर्गत रहेर विवाह गर्ने चलन छ । अर्थात् यिनीहरू पनि आफ्नो वैवाहिक पद्धतिमा गोत्र बाहिर जातभित्रको परिपाटीलाई अवलम्बन गरेर विवाह गर्ने गर्दछन् । क्षत्री जातिभित्र रगतको नाता र हाडनातामा विहेवारी चल्दैन । सकेसम्म यिनीहरू आमा र बाबु दुबैतर्फको सात पुस्ता बाहिर विहेवारी चलाउँछन् ।

क्षत्री समाजमा छोराछोरी ठुलो भएपछि विवाह गर्नुभन्दा पहिले छोरा छोरी दुबैको विभिन्न संस्कारहरू पुरा गरिन्छ, जस्तै छोराको छेवर, चूडाकर्म (व्रतवन्ध) आदि । त्यसपछि बढेको छोरा छोरीको विवाह गरिदिने चलन छ । आफ्नो जातिभित्र असल केटा खोजी विवाह गरेको प्रायः अध्ययन क्षेत्रमा देखिन्छ । विवाहको सुरुवातमा यिनीहरू लमी वा इष्टमित्र मार्फत् कुरा अघि बढाउँछन् अर्थात् केटापक्ष र केटीपक्ष दुबैलाई लमीद्वारा भेट गराइन्छ । सर्व प्रथम लमीद्वारा केटीको घरमा गएर कुरा छिन्ने काम हुन्छ । सोही दिनमा विवाहको लागि सम्पन्न गरिनु पर्ने सम्पूर्ण कार्यको मिति तोकिन्छ ।

विवाह प्राय जसो युवा अवस्थामा गर्ने चलन यहाँका क्षत्रीहरूमा पाइन्छ । रजस्वला हुनुभन्दा अगाडि नै ब्राह्मण क्षत्री जातिको केटीको बालविवाह गर्ने चलन केही वर्ष अघिसम्म रहेको थियो । तर हाल आएर यहाँ केटीको १६ वर्ष र केटाको १८ वर्षको उमेर भएपछि मात्र  कानुनी व्यवस्था अनुरूप विवाह गर्ने प्रचलन रहेको पाइन्छ । कम उमेरमा विवाह गर्नाले आमा र शिशुको स्वास्थयमा नकरात्मक असर परी उच्च मातृ तथा शिशु मृत्युदर रहन जाने हुन्छ भने अर्कोतर्फ कम उमेरमा विवाह हुनाले विशेष गरी महिलाहरू शिक्षा आर्जन गर्न र रोजगारमूलक सिप सिक्नबाट वञ्चित हुनुका साथै अनियन्त्रिण रूपमा जनसङ्ख्या बृद्धि हुन्छ ।

क्षत्री जातिको विवाह गर्दाको उमेर तलको तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका नं. ५.८ उत्तरदाताहरूको विवाह गर्दाको उमेरको स्थिति

| क.सं. | विवाह हुँदाको उमेर | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १५-२० | ४८ | ५३.३३ |
| २. | २१-२५ | २६ | २८.८८ |
| ३. | २५ वर्ष भन्दा माथि | १६ | १७.७७ |
| जम्मा | | ९० | १००.०० |

स्रोत:- स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. ५.८ अनुसार आधाभन्दा बढी अर्थात् ५३.३३ प्रतिशत १५-२० वर्षको उमेरमा विवाह भएको पाइयो भने २१-२५ वर्षको उमेरमा २८.८८ प्रतिशत र २५ वर्षभन्दा माथिको उमेर विवाह १७.७७ प्रतिशत भएको कुरा माथिको तालिकाबाट प्रस्ट हुन्छ ।

अध्ययन क्षेत्रका क्षत्री जातिहरूमा सामान्यतया मागी विवाह नै प्रचलित छ । आमाबाबुले आफ्नो छोरा छोरीको लागि योग्य वर तथा बधु खोजेर आफ्नो नातेदार वा लमी मार्फत् दुबै पक्षको सहमतिमा वैवाहिक कार्य सम्पन्न गर्ने गरेको पाइन्छ । आजकल यस जातिमा प्रेम विवाहको प्रचलन पनि बढ्दै गएको पाइन्छ । केटाकेटीले एक अर्कालाई मन पराएर परिवारको स्वीकृति लिई वा नलिई विवाह गरेको पाइन्छ । यस प्रकारको विवाहमा लमीको आवश्यकता पर्दैन । त्यस्तै यस जातिमा भागी विवाह वा चोरी विवाह न्यून रूपमा पाइन्छ ।

अध्ययन क्षेत्रमा बसोवास गर्ने क्षत्री जातिमा प्रचलित वैवाहिक स्थिति अनुसार वर्गीकरण गरिएको छ :

## तालिका नं. ५.९ वैवाहिक स्थिति अनुसार वर्गीकरण

| क्र.सं. | विभिन्न किसिमका विवाह | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | एकपत्नी विवाह | ८० | ८७.३३ |
| २. | बुहपत्नी विवाह | ६ | ६.६६ |
| ३. | विदुर⁄विधवा विवाह | ४ | ४.४४ |
| जम्मा | | ९० | १००.०० |

स्रोतः- स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. ५.९ अनुसार अध्ययन क्षेत्रमा बसोवास गर्ने क्षत्री जातिको विवाहको स्थिति अनुसार एकपत्नी विवाह गर्नेहरूको सङ्ख्या ८० (८७.३३ प्रतिशत) रहेको छ भने बहुपत्नी विवाह गर्नेको सङ्ख्या ६ (६.६६ प्रतिशत) रहेको छ भने विदुर⁄विधवा विवाह गर्नेको सङ्ख्या ४ (४.४४ प्रतिशत) रहेको छ । माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने यहाँ बसोवास गर्ने जातिले एकपत्नी विवाह प्रथालाई नै महत्व दिएको पाइन्छ ।

## ५.२.३. अध्ययन क्षेत्रमा बसोवास गर्ने क्षत्री जातिको प्रचलित विवाह पद्धति

विवाह एउटा यस्तो संस्कार हो जो प्रत्येक जात तथा ठाउँ अनुसार फरक फरक हुन्छ । यी विभिन्न जाति तथा समुदायहरूमा प्रायः सबै किसिमको विवाहहरू पाइन्छ । त्यस्तै यस क्षेत्रमा पनि एकपत्नी विवाह, विधवा विवाह, मागी विवाह, प्रेम विवाह, चोरी विवाह, अन्तरजातीय विवाह वर्तमान समयमा प्रचलित रहेको कुरा स्थलगत सर्वेक्षणबाट प्रस्ट हुन आएको छ । यस क्षेत्रमा बसोवास गर्ने क्षत्री जातिको वैवाहिक किसिम अनुसार वर्गीकरण तलको तालिकामा प्रस्तुत गरिएको छः

## तालिका न ५.१० वैवाहिक किसिम अनुसार वर्गीकरण

| क्र.सं. | विवाहको किसिम | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | मागी विवाह | ७० | ७६.५ |
| २. | प्रेम विवाह | १० | ११.११ |
| ३. | अन्तरजातीय विवाह | ८ | ८.८८ |
| ४. | भागी वा चोरी विवाह | २ | २.२२ |
| जम्मा | | ९० | १००.०० |

स्रोतः- स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. ५.१० अनुसार ७६.५ प्रतिशत आमा बाबुको मन्जुरीबाट मागी विवाह गरेको पाइयो भने ११.१ प्रतिशत प्रेम विवाह, अन्तरजातिय विवाह ८.८८ प्रतिशत र भागी वा चोरी विवाह २.२२ प्रतिशतले गरेको पाइयो । यसरी यस क्षेत्रमा बसोवास गर्ने क्षत्री जातिको विवाह पद्धतिमा मागी विवाह नै प्रचलित रहेको पाइन्छ ।

### ५.२.३.१ मागी विवाह

मागी विवाह क्षत्री जातिमा परम्परागत रूपमा नै चल्दै आएको प्रचलित विवाह पद्धति हो । मागी विवाह भन्नाले केटी तथा केटाहरूले मन पराएर वा चाहेर भन्दा पनि अभिभावकहरूको चाहना र पहलमा आवश्यक सबै प्रकारका विधिहरू पुऱ्याएर गरिने विवाह हो । मागी विवाहमा पहिले नै केटी र केटा बिचमा प्रेम बसे पनि जात, धर्म, विवाह गर्न योग्य भएमा केटी पक्षसँग केटा पक्षले मागेर नै विवाह गरिन्छ भने यी कुराहरू नमिलेमा

विवाहलाई स्थगित गरिन्छ । यस्तो प्रकारको विवाह गर्दा समान प्रवर, गोत्र र एउटै पिण्ड नपर्ने, एउटै धर्म भएको, सजातीयलाई मागी विवाह गर्ने चलन छ । केटीलाई माग्दा केटा र उनीहरूको अभिभावकको खानदान अर्थात् सामाजिक स्तर, जात, आर्थिक अवस्था, केटाकेटीका शिक्षा र पेसाको विचार गरेर मात्र माग्ने चलन छ । अध्ययन क्षेत्रमा अधिकांशको मागी विवाह भएको पाइयो, जसमा ७२ अर्थात् ७२.५ प्रतिशत रहेको छ ।

### ५.२.३.१.१ केटीको चिना माग्ने प्रक्रिया

केटा पक्ष तिरका मानिसले आफ्नो छोराको विवाह गर्नका लागि केटी माग्दा पहिले अनौपचारिक रूपले भए पनि केटी हेर्ने विचार गर्ने गरिन्छ । यसका लागि कुन केटी माग्ने हो अथवा उसको परिवारको स्तर कस्तो छ भन्ने कुरा पत्ता लगाउन केटीका गाउँतिर केही निहुँ बनाएर घुम्न गई केटीको बारेमा बुझ्ने पनि गरिन्छ । अरुको विवाह, व्रतबन्ध तथा इष्टमित्र केटीको गाउँमा भएमा त्यहाँ उपस्थित भई अनौपचारिक रूपमा हेर्ने, बुझ्ने गरिन्छ । यस्तो विचार गर्ने काम प्राय जसो केटा पक्षका अभिभावकले गर्ने गर्दछन् । कुनै ठाउँमा जात्रा, मेला, पर्व, उत्सव, विद्यालय, मन्दिर आदि ठाउँबाट पनि अनौपचारिक रूपमा विचार गर्ने गरिन्छ भने दुबैतर्फका व्यक्तिहरूले आफ्ना इष्टमित्रहरू अथवा लमीबाट पनि कुराकानी बुझ्ने गरिन्छ ।

केटीको चिना माग्दा सबैभन्दा पहिला घर परिवारका सदस्य र गाउँका जान्ने बुझ्ने बुढापाका मानिसहरू बसेर विवाह गर्नुपर्ने केटालाई कुन गाउँबाट छोरी माग्ने हो त्यसको मामाघर कता हो, कुल घराना कस्तो हो, केटीको चालचलन कस्तो छ यी कुराको विचार गरेर सल्लाह गरिन्छ । यसरी केटी पक्षको सबै कुरा चित्त बुझेमा केटीको चिना मागिन्छ भने यदि केटीको चिना नबनाएको भए कुण्डली ज्योतिष वा पण्डित कहाँ टिपाएर राखेको हुन्छ ।  यसरी केटी पक्षबाट दिएका चिनालाई केटा पक्षका मानिसले ज्योतिष कहाँ लगेर जुराउने गर्दछन् । ज्योतिषले सबै ग्रह दशा हेरी यसबाट राम्रो, नराम्रो, गुण, भाव ठिक बेठिक सबै कुराको विचार गरिन्छ । सबै ग्रह दशा राम्रो भई केटीको ग्रह भन्दा केटाको ग्रह बलियो, केटो जेठो भएमा जुरेको मानिन्छ । जुरमेल कार्य सम्पन्न भए पछि केटा पक्षले केटी नजुरेमा केटी पक्षलाई आफूले मागेर ल्याएको चिना फिर्ता गरी नजुरेको खबर पठाइन्छ भने जुरमेल भई ग्रह दशा राम्रो विवाह गर्न योग्य भएमा केटा र केटीको टिका लगाउने दिनको टुङ्गो लगाउँदछन् । केटी माग्दा दाइजोका कुनै पनि प्रकारको कुरा हुँदैन । यसमा केटी

पक्षले आफ्नो अवस्था अनुसार जेजति दिन्छन् त्यसमै केटा पक्षका मानिसहरू सन्तुष्ट हुने गर्दछन् । यसरी विभिन्न प्रक्रिया पुरा गरी केटी मागी सकेपछि दुबै पक्षका व्यक्ति विवाह गर्नका लागि तयार भएपछि केटा पक्षका मानिसहरू ज्योतिषकहाँ गएर विवाहको दिवार लगन तोक्ने समय आदि हेराएर केटी पक्षलाई खबर गरी दुबै पक्षका व्यक्ति ज्योतिषले दिएको दिनमा विवाह गर्न तयारीका साथ अगाडि बढेर विवाह कार्य सम्पन्न गर्ने गरिन्छ ।

आजभोलिका विवाहमा केटी माग्नका लागि पहिलेको भन्दा सजिलो रहेको पाइन्छ । केटा केटीहरू उमेरका हिसाबले परिपक्व भई सकेका हुन्छन् । दुबै जना र उनका अभिभावकहरू पनि केही मात्रामा भए पनि शिक्षित र आधुनिक पद्धतिमा बसेका कारणले पहिलेकै जस्तो केटाकेटीका अभिभावकले मात्र हेरेर मनपराएर विवाह नभई केटी र केटा दुबैको पनि मन्जुरीले विवाह गरिने भएकाले माग्ने परम्परामा परिवर्तन देख्न सकिन्छ । अनौपचारिक रूपले एक अर्को पक्षका बारेमा विचार गर्ने कुरामा जात्रा, मेला, पर्व, कसैको विवाह आदिमा केटी र केटाको राम्रो नराम्रो गुण, चरित्र, चालचलन आदिलाई दुबै पक्षका अभिभावक र दुबै जना एक अर्कामा विचार गरेर हेर्ने गरिन्छ । दुबै पक्षका इष्ट मित्र, साथीभाइ आदिबाट पनि एक अर्काका राम्रा नराम्रा कुराहरूमा विचार गर्ने गरिन्छ । हाल केटीको चिना माग्दा जातभात, मामाघर आदिको धेरै मात्रामा विचार नगरेर आर्थिक, सामाजिक, शैक्षिक पक्षको बढी विचार गर्ने गरिन्छ । केटी र केटा पक्षमा प्रस्ताव राख्दा पनि पहिले जस्तो करकाप गरेर नराखी दुबैको पूर्ण मन्जुरीका साथमा प्रस्ताव राखिन्छ र केटा केटी दुबैले कुरा मिलाई सकेपछि सामान्य रूपमा जुर अजुर ज्योतिषबाट हेराई विवाह गरि दिने चलन रहेको पाइन्छ । हालका विवाहमा केही मात्रामा दाइजोका कुरा भने उठ्न थालेको पाउन सकिन्छ । केटी मागी विवाह गर्न ठिक्क भई सकेपछि दुबै पक्षमा सामान्य रूपमा दाइजो के कति लेनदेन गर्ने, के कति सामान दिने लिने भन्ने बारेमा सम्झौता गर्ने गरिन्छ । सामान्य रूपले रूपले गर्नु पर्ने प्रक्रिया पुरा गरी केटी मागी सकेपछि सगुन लाने ल्याउने वा टिकाटालो गरिन्छ । टिका लगाउने कार्यक्रममा पनि वरले वधूलाई औंठी लगाइदिने, वधूले पनि वरलाई सिक्री लगाइदिने जस्ता कार्यक्रम गरिन्छ । यसबाट के प्रस्ट हुन्छ भने विवाह पक्का भयो भन्ने बुझिन्छ । त्यसपछि लगनको दिन साइत हेर्न केटा पक्षका मानिस ज्योतिषकहाँ जान्छन् र लगन साइत हेराई केटी पक्षलाई पनि खबर गरी दुबै पक्षले तयारीका साथ विवाह कार्य सम्पन्न गर्दछन् ।

### ५.२.३.१.२ ग्रहपूजा

ज्योतिषबाट विवाहको दिन लगन साइत आदि कुरा हेरेकै दिन दुलहाको ग्रह दशा आदि कुरा पनि हेर्ने गरिन्छ । यसमा ग्रह शुभ, अशुभ, के के दान गर्ने हो, के कति जप हवन गर्ने हो सबै कुरा विचार गरेर हेरिन्छ । ज्योतिषहरूले भने बमोजिम पण्डितले विवाह तयार भएर दुलहीको घर जानु भन्दा एक दिन अगाडि नै विभिन्न ग्रहहरूको पूजा गरी, दान गर्ने र विभिन्न मन्त्र र जपहरू गरी हवन गर्ने र विवाह कार्य राम्रोसँग होस, कुनै पनि प्रकारको अवरोध नआओस भनेर मन्त्र पाठ गरी पूजा सम्पन्न गर्ने गरिन्छ । यस दिन विहानै दुलहा र दुलहीको घरको आँगनमा जग्गे गाँड्ने प्रचलन रहेको छ । यसमा बाँस, पैंयु, केराको बोटा र जग्गको वरिपरि विभिन्न किसिमका फूलहरू, रंगिचगी ध्वजा पतङ्गकाहरूले सजाउने गरिन्छ । ग्रहपूजा  गरिसकेपछि त्यसै दिन पितृको तर्पण अर्थात् नन्दीमुखी श्राद्ध गर्ने गरिन्छ । यसमा आफ्ना पितृहरूको पूजाआजा गरी खुसी पारी विवाह कार्य राम्रोसँग सम्पन्न होस्, विभिन्न बाधा अवरोध नआओस् भनेर आफ्ना मृतक पितृहरूलाई सम्झने गरिन्छ ।

हालका दिनहरूमा ग्रह पूजामा धेरै महत्व नदिई सामान्य रूपमा ग्रह पूजा गर्ने गरिन्छ । ज्योतिषसँग हेर्ने कुरामा त्यति धेरै महत्वका साथ नदिई सामान्य रूपमा लिएर विवाह कार्य अगाडि बढाइन्छ । पितृ श्राद्धका कुराहरू भने सामान्य रूपमा केटा र केटी दुबै पक्षमा गरेको पाइन्छ ।

### ५.२.३.१.३ दुलहाको तयारी र विवाह प्रस्थान

विवाहको तयारी गरी सबै प्रकारका पूजाआजा सम्पन्न गरिसकेपछि बेहुलालाई तयार गरी विवाहमा बजागाजा सहित बेहुलीको घरमा प्रस्थान गर्ने गरिन्छ । यसका लागि बेहुलालाई राम्रोसँग नुहाई धुवाई गरी कपडा लगाउने गरिन्छ । कपडा लगाउँदा ब्राह्मण, बेहुलाका आमाबाबु र अन्य ठूला मान्छेहरूले कपडा लगाई टिका समेत लगाइदिन्छन् । दूबोको माला, टोपी, जुत्ता आदि लगाएर बेहुलालाई तयार पारिन्छ । बेहुला तयार भएपछि बेहुलाका आमा, भाउजू, दिदी वहिनी आदिले विवाह लैजाने साधन डोली, बस, कारको पूजा अथवा सिगार्ने गर्दछन् । यस्तो पूजा गर्न गर्नुको अर्थ विवाह जाने साधनमा कुनै प्रकारको अवरोध नआओस्, राम्रोसँग विवाह केटीको घरमा पुगोस् भनेर कामना गर्नु हो । विवाह

जान तयार भएपछि बेहुलाले आफ्नी आमालाई दुध खाएको ऋण स्वरूप पैसा दिई विवाह गर्न जाने अनुमति माग्ने चलन छ । विवाह केटीको घरमा जाने समयमा बेहुलाले आफूले सकेजति आमालाई रूपैया र गहना दिएर बेहुली ल्याउनका लागि अनुमति माग्नु पर्ने परम्पराले आमालाई ठुलो महत्वको रूपमा  हेरेको पाइन्छ । विवाहमा जन्ती जानका लागि उपस्थित सबै व्यक्तिहरूलाई टिको टालो लगाई केही खानेकुरा खान दिएर बाजा समेत बजाई वरियात गइन्छ । विवाह सम्पूर्ण रूपले तयार भई सकेपछि ब्राह्मणले हातमा दहीको ठेको सहित अगाडि लागेर बाजागाजा सहित वरियात केटीको घरमा प्रस्थान गर्दछ । बाटोमा देवीदेवता भएका ठाउँमा फुल, अक्षता चढाउँदै बाजा बजाई विवाह अगाडि बढ्दछ ।

हालका विवाहमा बजारमा पाइने राम्रा राम्रा कपडा, माला, श्रृङ्गार सामाग्री जुत्ताको प्रयोग गरेर विशेष प्रकारले बेहुलालाई सजाउने चलन चलेको पाउन सकिन्छ । तयार गर्दा गरिने विधि र प्रक्रियामा त्यति फरक नआए पनि आजभोलिका दिनहरूमा त्यति धेरै महत्व नदिई सामान्य रूपमा कार्यक्रम अगाडि बढाइन्छ । विवाह तयार हुँदा बेहुलापट्टिका इष्टमित्र, नातेदार र आफन्त सबैले टिका लगाई आशीर्वाद दिने चलन बढेको पाइन्छ ।

## ५.२.३.१.४ स्वयंवर

विवाहको पहिलो चरण स्वयंवर हो । यो प्रत्येक हिन्दु जातिमा गरिन्छ  । यसको विधिमा विभिन्न जातिहरू पिच्छे फरक हुन सक्दछ । ज्योतिषले चिना हेरेपछि विवाह कुन दिनमा र कुन साइतमा गर्ने भन्ने टुङ्गो लागे पछि विवाह अगाडि नै केटा तर्फका मानिसहरू बेहुलीको घरमा पुग्दछन् । यसमा बेहुला र बेहुली तर्फका ब्राह्मण बिचमा बसेर मत्रोच्चारण गरिन्छ । यो विधि वर र वधूको घरमा पुगेपछि वधूले वरलाई तिनफेरसम्म पानीको फेर लगाएर घुमेपछि एक अर्कालाई दूबोको माला लगाइन्छ, साथै वरले वधूलाई घाँटीमा सिक्री, हातमा औँठी लगाई दिन्छ भने बधुले पनि बरलाई हातमा औंठी लगाइ दिन्छन् । यो कार्य हाल आएर विवाहको दिनमा सम्पन्न गरिन्छ ।

## ५.२.३.१.५ गोडाधुने कार्यक्रम

स्वयंवर कार्यक्रमको समाप्ति पछि बेहुला र बेहुलीको गोडा धुन सुरु हुन्छ । पहिले बेहुलीतर्फका बुबा वा घरको मुली व्यक्तिद्वारा बेहुला र बेहुलीको खुट्टा धुने कार्य गरिन्छ । खुट्टा धुनको लागि दुलहीको बाबुले खड्कुलो, गाग्री, करुवा आदि नयाँ किनेर व्यवस्था गरेको

हुन्छ । दुलहा र दुलहीलाई पलङ वा मेचमा बसाई खड्कुलो माथि दुबैको खुट्टा राखी दुलहाको बुबाले पहिले खुट्टा धुन्छन् र दुलहीको आमाले करुवाले पानी हाली दिने गर्दछन् । दुलहा र दुलहीको तिन फेरी खुट्टाको पानी खाई टिका लगाई दिन्छन् । दुलहीको बाबु आमापछि क्रमैसँग केटी तर्फको दाजुभाइ, छरछिमेक, इष्टमित्र तथा साथीहरूबाट पनि खुट्टा धुने कार्य गरिन्छ र आफूले ल्याएको सामान/पैसा उपहारस्वरूप दिन्छन् ।

### ५.२.३.१.६ कन्यादान

हिन्दु धर्मशास्त्रमा कन्यादानलाई सबभन्दा ठुलो दान मानिन्छ । यसमा विशेष गरेर कन्याको बाबुआमाले आफ्नी चोखी छोरी 'आजदेखि मेरो छोरीलाई तपाइँको हातमा सुम्पिएँ' भनेर आफ्नो ज्वाईको हातमा सुम्पिदिन्छन् । यस कन्यादनपछि बधू माथि आफ्नो आमा बाबुको भन्दा उसको लाग्नेको अधिकार बढी हुन्छ ।

### ५.२.३.१.७ सिन्दूर हाल्ने

क्षत्री समाजमा विवाह अघि केटीले सिन्दूर हाल्ने प्रचलन रहेको पाइँदैन । तर नेवार समुदायमा भने बेल विवाह पछि सिन्दूर हाल्ने प्रचलन रहेको छ । यस समाजमा विवाह पश्चात् मात्र सिन्दूर हाल्ने प्रचलन रहेको छ । विवाहको दिन विवाहको मण्डपमा केटाले केटीको सिउँदोमा सिन्दूर हाल्नु अगाडि अग्नि, सूर्य आदिलाई साक्षी राखी तिन पटक हाल्दछ । उक्त दिनपछि केटीले सधैं श्रीमान्‌को नामबाट सिन्दूर आफ्नो सिउँदोमा हाल्ने प्रचलन रहँदै आएको छ । श्रीमान्‌को मृत्यु पश्चात सिन्दूर हाल्ने प्रचलन रहेको पाइँदैन ।

### ५.२.३.१.८ पाणिग्रहण

क्षत्री समाजमा विवाह कार्यक्रम अन्तर्गत पर्ने पाणिग्रहण संस्कारको पनि ठुलो महत्व रहेको छ । पाणिग्रहणमा वरले मन्त्रोच्चारण गर्दै वधूको दाहिने हातको बुढी औंला समात्नु पर्दछ । यस मन्त्रोच्चारणको अर्थ 'म तिम्रो सौभाग्यको निमित्त तिम्रो हात समाउँछु र तिमीलाई मेरो घरको जिम्मा दिएको छु' भन्ने हुन्छ ।

### ५.२.३.१.९ लज्जामोह

क्षत्री समाजमा लज्जामोह कार्यक्रम यथावत रूपमा रहँदै आएको छ । उक्त विधिमा वर र वधू दुबै जग्गेको मण्डमा बसी उभिनु पर्दछ र वधूको भाइले समीको पात र घिउ

समेत मिलाएर लावा वधूको हातमा राखिदिन्छ । वधूले विभिन्न किसिमको मन्त्रोचारण गर्दै वधूको भाइले दिएको लावा तिन पटकसम्म अग्निमा चढाउनु पर्दछ । यस संस्कारमा उक्त कार्यक्रम समाप्त नभएसम्म वरले वधूको हात छोइरहनु पर्दछ ।

### ५.२.३.१.१० अग्नि परीक्षण

यसमा वर वधूसँगै वधूलाई अगाडि लगाएर अग्नीको परिक्रमा तिन पटक गराइन्छ । यसमा अग्नि देवतासँग 'यस कन्यालाई पत्नीको रूपमा सन्तान सहित मलाई देऊ' भन्ने कामना गरिन्छ । यो विधि पनि क्षत्री समाजमा प्राचीन कालदेखि नै यथावत रूपमा प्रचलनमा रहँदै आएको छ ।

### ५.२.३.१.११ बेहुली अन्माउने

विवाहको कार्यक्रम समाप्त भएपछि केटा र केटीलाई सगुन खान दिन्छन् । त्यसैगरी सगुनको रूपमा बाजा बजाउने दमाईलाई पनि सगुन दिने चलन रहेको छ । केटातर्फका बाबु र केटीतर्फका बाबु आमा सम्दी, सम्दिनी भेटघाट पनि गर्दछन् । बाहिर जग्गेमा पहिले बाजा बजाउने दमाई, ठेको लिने मानिसको पछि पछि दुलही र दुलाहालाई तिन पटकसम्म जग्गको परिक्रमा गराइन्छ । त्यसपछि दुलहा र दुलहीलाई दुलहीका दाजु भाइले बोकेर गाडी भएको ठाउँमा लगेर राखिदिने गर्दछन् ।

### ५.२.३.१.१२ सप्तपदी

सप्तपदी भनेको सात पदाक्रमण वा सात पाइला टेक्नु हो । विवाहको कार्यक्रम समाप्त भएर बेहुलाको घरमा आइपुगेपछि यो कार्यक्रम गरिन्छ । यस कार्यक्रम अन्तर्गत जग्गेको बिचमा सिन्दूर, अबिर, बत्ती आदिको सातओटा मण्डप बनाएर पाइताला राख्ने ठाउँ बनाउनु पर्दछ । विवाहमा यसको महत्वपूर्ण स्थान रहेको छ । यसमा प्रत्येक पाइलाको छुट्टाछुट्टै महत्व रहेको छ । किनकी सप्तपदीक्रम पुरा भएपछि मात्र बधु पिताको गोत्रबाट आफ्नो लाग्नेको गोत्रमा गएको मानिन्छ । यसमा वरद्वारा वधूलाई गराइने पदाक्रममा वधूले वरद्वारा प्रस्तावित (क) अन्न, (ख) बल, (ग) धनको वृष्टि, (घ) सुख (ङ) सन्तती, (च) दीर्घजीवन, (छ) सतीत्व यी सात पदमा पदाक्रम गरेर समर्थन मात्र होइन स्वीकार नै गर्दछ (पन्थी, २०४२) । त्यसैले सप्तपदाक्रम कार्यक्रम अन्तर्गत विवाह मण्डपबाट दुलहाको दिदी

बहिनीले दुलही समातेर दुलहीले सातओटा मण्डमा टेक्दै दुलहाको घरभित्र प्रवेश गराइन्छ । दुलही प्रवेश गराउने क्रममा वधूले वरका दिदी बहिनीलाई उपाहार दिने प्रचलन पनि छ ।

### ५.२.३.१.१३ खाजा खुवाउने

विवाहको भोलिपल्ट दुलहीको तर्फबाट दुलहाको बाबु आमा, दाजुभाइ, दिदी बहिनीलाई लुगाफाटा, खानेकुरा, फलफुल आदि लिएर दुलहाको घरमा जान्छन् । सोही दिने सम्धी र सम्धिनीको पनि भेटघाट कार्यक्रम हुन्छ । सम्धि सम्धिनीको भेटघाट कार्यक्रममा दुलहीको तर्फबाट गरगहना, कपडा, फलफुल दिएर सम्धि सम्धिनीको मुख हेर्ने गरिन्छ ।

### ५.२.३.१.१४ दुलही फिराउने

दुलही फिराउने कार्य विवाहको ५ दिनदेखि १३ दिनसम्म दुलहीको माइतमा पठाउने चलन रहेको छ । यसरी दुलही फिराउने कार्यमा दुलहा र दुलही दुबै एक रात गएर दुलहीको माइतमा बस्नु पर्दछ र भोलिपल्ट पुनः दुलहाको घरमा फर्कने चलन छ । तर हाल आएर यस्तो चलनमा परिवर्तन आएको छ । यस जातिमा हाल आएर खाजा खुवाउने आउने मानिससँगै विवाहको भोलिपल्ट दुलहा र दुलहीलाई सँगै लैजाने गरिएको पाइन्छ ।

### ५.२.३.२ प्रेम विवाह

केटा केटीहरू एक अर्कोमा मन पराई आफ्नै खुसीले भागर गर्ने विवाहलाई प्रेम विवाह हो । यसमा केटा र केटी पक्षका अभिभावकहरूको खासै सहमति असहमतिको विचार गरिएको हुँदैन । पछि गएर कसैको घरकाले मानेर स्वीकार गर्दछन् भने कसैले अस्वीकार गर्दछन् । समाजमा खास गरेर केटी पक्ष भन्दा केटा पक्षले बढी मात्रामा यस्तो विवाह स्वीकार गरेको पाउन सकिन्छ । यसमा जवान भएका केटा र केटी बिचमा कुराकानी, चिठी, फोन आदिका माध्यमले भेटघाट गरी विवाह गरिन्छ । यसरी गरिने विवाहमा केटी लगिसकेपछि केटा पक्षकाले ब्राह्मण बोलाएर सामान्य विधि पुऱ्याएर मण्डपमा परिक्रमा गराई विवाह गरिने चलन पनि रहेको छ । क्षत्री जातिमा मागी विवाह नै कायम रहेको अवस्थामा जातपात मिल्ने, विवाह गर्न योग्य केटासँग पनि केटी भागेर गई भने केटीका अभिभावकहरू रिसाएर विवाहमा जाँदैनन् बरु प्रेम भई केटी र केटाले एक अर्कालाई मन पराउँछन् भने भाग्नु भन्दा त्यसै प्रेमलाई मागी विवाहमा बदल्ने गरिन्छ । सबैकुरा मिल्ने

विवाह गर्न हुने बिचमा प्रेम भई प्रेम विवाह गरेमा केटी पक्षले पछि उनीहरूलाई रिस मरेपछि दुबैलाई बोलाएर टिकोटालो गरी राम्रोसँगग छोरीलाई पालन पोषण गर्नु, वैवाहिक जीवन राम्रोसँग चलाउनु, पछि धोका नदिनु भनेर सम्झाई बुझाई गरिन्छ । यसरी टिकोटालो गरिसकेपछि मात्र केटी पक्षकाले आफ्नो छोरी ज्वाइँलाई आफ्नो घरमा बोलाएर सम्मान गर्ने र विभिन्न चाडपर्व, विवाह र अन्य संस्कारका विभिन्न कार्यक्रमहरूमा बोलाउने गरिन्छ । केटी पक्ष र केटापक्षले जातभात नमिलेर विवाह गर्न योग्य नभएमा कहिले पनि माइततिर बोलाइँदैन ।

अध्ययन क्षेत्रमा बसोवास गर्ने क्षत्री जातिले प्रेम विवाह पनि विस्तारै स्विकार्दै लगेको पाइन्छ । जसमा नमुना छनोटमा परेका उत्तरदाताहरूमध्ये १० (११.११ प्रतिशत) जनाले प्रेम विवाह गरेको पाइयो ।

### ५.२.३.३ अन्तरजातीय विवाह

अन्तरजातीय विवाह भन्नाले माथिल्लो जात भनिनेले तल्लो जात भनी पानी चल्ने वा नचल्ने जात बिचमा गरको विवाहलाई भनिन्छ । यस्तो प्रकारको विवाह पद्धति अध्ययन क्षेत्रमा बसोवास गर्ने क्षत्री समाजमा त्यति चलन चल्तीमा रहेको पाइँदैन । यस्तो विवाह गर्ने मानिस तल्लो जाति सरहको हुने, त्यस्ता व्यक्तिलाई तल्लो जातिका मानिससँग गरिने व्यवहार र समाजमा तिनीहरूको स्वाभिमान, मानप्रतिष्ठा, इज्जत र हैसियत राम्रो नहुने र तिनीहरूबाट जन्मेका छोराछारी पनि तल्लो जात भनिने सरह रहने भएकाले यस्तो विवाहलाई समाजले मान्यता दिँदैन ।

हालका दिनहरूमा प्रेम विवाह गर्ने प्रचलन बढेको अवस्थामा र विभिन्न विज्ञान प्रविधिको विकास, शिक्षा चेतना आदिको कारणले प्रेम विवाह विवाहको प्रचलन बढेको पाइन्छ । हालका दिनहरूमा जात, जुर, अजुर, राम्रो, नराम्रो भन्दा पनि केटा र केटीको मन मिलेमा अभिभावकले स्वीकार गर्ने गरेको पाइन्छ । अध्ययन क्षेत्रमा अन्तरजातीय विवाह गर्नेको सङ्ख्या ८ (८.८८ प्रतिशत) ले गरेको देखिन्छ जसमा पानी चल्ने जातको बिचमा भएको पाइन्छ । त्यसैगरी अन्तरजातीय विवाहमा पानी नचल्ने जाति बिच विवाह गरेमा त्यस्तो विवाहलाई समाजले स्वीकार गर्न सकेको अवस्था भने हालका दिनसम्म पनि देख्न सकिँदैन ।

### ५.२.३.४ चोरी वा भागी विवाह

केटीले मन  पराएको होस् वा नपराएको होस्, केटाले मन पराएको केटीलाई उपयुक्त अवसर पारी दुई चार जना बलिया साथीहरूको सहयोगमा जबरजस्ती तानेर ल्याई गरिने विवाहलाई चोरी विवाह भनिन्छ । यस्तो विवाहमा केटी पक्षका मानिसहरूको पूर्ण सहमति हुँदैन । यस्तो प्रकारको विवाहमा केटीलाई फकाउँदा केटीले नमानेपछि वा केटीका अभिभावकसँग केटी माग्दा पनि नदिएमा गरिन्छ । प्राय जसो यस्तो विवाह कसैलाई थाहा नदिई केटी घाँसपात, दाउरा, पानी पँधेरो आदि ठाउँमा वा कुनै कारणले जङ्गल वा घरबाहिर गएको मौका छोपी केटीलाई चोरेर लैजाने गरिन्छ । केटीलाई ल्याउँदा पहिले जसले विवाह गर्ने हो उसले समात्दछ र पछि अरुले सहयोग गर्दछन् र समातेर बोकेर लैजान्छन् । हाल आएर यस्तो प्रकारको चोरी विवाह अध्ययन क्षेत्रमा रहेका क्षत्री जातिमा कमै मात्रामा देख्न सकिन्छ ।

### ५.२.३.५ विधूर/विधवा विवाह

श्रीमान् र श्रीमतीको मृत्यु भइसकेपछि पुनः विवाह गर्नु नै विधूर र विधवा विवाह हो । अध्ययन क्षेत्रमा बसोवास गर्ने क्षत्री जातिमा यस्तो प्रकारको विवाह परम्परागत रूपले चल्दै आएको छ । यस्ता विवाहमा विधूवा विवाह भन्दा विधूर विवाह बढी प्रचलनमा रहेको पाइन्छ । यहाँको समाजमा कसैको श्रीमतीको मृत्यु भएमा अर्को विवाह गर्ने चलन छ । यस्तो विवाहमा प्रायः सबैले केटी दिन मान्दैनन् किनभने लोग्ने दोघरे भएको र पहिलेकी श्रीमतीबाट जन्मेका बच्चाहरू पाल्नु पर्ने भएकाले अभिभावकहरू विधूर केटासँग आफ्नी छोरीको विवाह गर्न मान्दैनन् । त्यसैले त्यस्ता विधूरको विवाह गर्दा कुनै कारणले विवाह हुन नसकेकी, कम पढेकी, गरिब परिवारकी केटी खोजी विधूरको विवाह गरिन्छ । विधूर विवाह गर्दा उसकी पुरानी श्रीमतीबाट भएका छोराछोरीहरूलाई बाबुको विवाह हेर्नु हुँदैन भनेर लुकाउने चलन छ । यस्तो विवाह गर्दा धेरै खर्च तडकभडक नगरी सामान्य रूपमा नगरी नहुने प्रक्रिया मात्र पुरा गरेर सम्पन्न गरिन्छ । त्यसै गरी विधवा विवाह यहाँको समसाजमा त्यति मान्य नभए पनि यदि कुनै आइमाई लोग्ने मरेर विधवा भई भने कसैले लोग्नेकै घरमा दिन गुजार चलाउँछन् भने कोही अर्को मान्छे  खोजेर पोइल जान्छन् ।  खास गरी अध्ययन क्षेत्रमा बसोवास गर्ने क्षत्री जातिमा विधूर विवाहलाई मान्यता दिए पनि विधवा विवाहलाई त्यति मान्यता दिएको पाइँदैन । त्यसैले प्रायःजसो विधवा आइमाइहरू लोग्ने मरे पनि त्यही घरमा दिन गुजारा चलाउँदछन् ।

### ५.२.३.६ जारी विवाह

अर्काकी श्रीमतीलाई उसको श्रीमान् छँदै अर्कोले भगाएर लैजाने विवाहलाई  नै जारी विवाह भनिन्छ । यसमा अर्काकी श्रीमतीलाई फकाई फुलाई झुक्याएर विभिन्न प्रलोभनमा पारी भगाएर लगिन्छ । यस्तो प्रकारको विवाह अध्ययन क्षेत्रमा बसोवास गर्ने क्षत्री समाजमा प्रचलनमा रहेको पाइँदैन । यस्तो विवाहलाई समाजले त्यति मान्यता दिएको पाइँदैन । यस्ता प्रकारको घटना खास गरी श्रीमान् र श्रीमती बिचमा खटपट भएमा, श्रीमान परदेश वा कामको सिलसिलामा अन्यत्र गएमा, सँगै नबसेको मौका छोपी श्रीमतीले अन्य व्यक्तिसँग करणी गरेमा यस्तो विवाह हुन्छ । यदि कसैको श्रीमती अर्काले लगेमा त्यस श्रीमती लैजाने मान्छेलाई समाजका भद्रभलादमी जान्ने बुझ्ने मानिसहरू बसी जार स्वरूप रूपैया पैसा र उक्त श्रीमतीले पुरानो श्रीमान्बाट लगेको नगद, जिन्सी सामान, सुन चाँदीका गहना आदि कुरा फिर्ता माग्ने गरिन्छ ।  जारीको रकम समाजका जान्ने बुझ्ने व्यक्तिहरू बसेर विवाह खर्च भनेर तोक्दछन् र उक्त रकम स्वास्नी लैजाने व्यक्तिले तिर्नु पर्दछ ।

## ५.३ दाइजो प्रथा

संसारका प्रत्येक युवा युवतीहरूको लागि विवाह प्रथम सामाजिक आवश्यकता हो, जुन प्राचीन समयदेखि नै महसुस गरिँदै आएको छ । यद्यपि विश्वभरि नै विवाहको मान्यताहरू प्रचलित छ । जहाँसम्म मानव जातिको कुरा छ, विश्वका असभ्य जातिदेखि लिएर शिक्षित तथा आधुनिक समाजमा पनि चलनचल्ती अनुसारको उत्सवहरू गरी उल्लासमय वातावरणमा वैवाहिक सम्बन्ध सम्पन्न गरिन्छ । विशेष गरेर पितृसत्तात्मक समाजमा साधारणतया यो एउटा यस्तो उत्सव हो जसमा बेहुलाले बेहुलीलाई सदाको लागि आफ्नो घरमा लैजान्छ र र दुबै पति पतिसँगै जीवन व्यतित गर्दछन् । प्राचीन कालमा हिन्दु समाजमा बधुमूल्यको प्रचलन रहेकोमा हाल आएर यो प्रथा हटी दाइजो प्रथाले प्रश्रय पाएको छ ।

तराईको मैथिली समाजमा व्यापक प्रचलनमा रहेको दाइजो प्रथा हाल आएर क्षत्री तथा अन्य जातिमा पनि दिनानु दिन बढ्दै गइरहेको पाइन्छ । पढे लेखेको, रोजगारी भएको र सम्पन्न परिवारको केटा छ भने केटी पनि उसले सम्पन्न र पढलेखेको खोज्दछन् । यसरी विवाहको दिनमा केटीको तर्फबाट केटालाई टि.भि., फ्रिज, घडी, मोटरसाइकल, घडी, सुनको औँठी, सिक्री, पलङ, सोफासेट, कार्पेट, दराज, ओछ्यान, कपडा आदि दिने प्रचलन

दिनानुदिन बढ्दै गएको छ । त्यस्तै गरी केटाको आमा, बाबु, दिदी बहिनी तथा इष्टमित्रलाई पनि कपडा, गरगहना आदि दिने चलन बढ्दै गएको छ । केटीको तर्फबाट दिने भोज पनि दिनानुदिन महँगो हुँदै गएको छ । पहिले टपरीमा भतेर दिने चलन थियो भने हाल आएर बफे भोज दिने प्रचलन रहेको छ । त्यस्तै गरी केटाको तर्फबाट पनि केटीलाई आर्थिक स्थिति हेरेर ५ जोर देखि ११ जोरसम्म कपडा (साडी, कुर्ता सुरुवाल, ब्लाउज, पछ्यौरा, जुत्ता, ब्याग) विजोरी बनाई लैजाने प्रचलन छ । केटीलाई सुनको गहनामा तिलहरी, सिक्री, नेक्लेस, बाला, औंठी, झुम्का, फुली र सिंगारको सामानको साथै साइपाटाको सर्दाम लैजाने प्रचलन रहेको छ ।

## ५.३.१ उत्तरदाताको दाइजो प्रथा सम्बन्धी धारणा

हिन्दु अवधारणामा विवाह धार्मिक संस्कार हो । जसको अभावमा लोग्ने स्वास्नी विना मानिसको जीवन अपूर्ण रहन्छ । पति पत्नीको सम्बन्धी जन्मान्तरको हुन्छ भन्ने विश्वास गरिन्छ । धर्मशास्त्र अनुसार विवाह विनाको जीवन अपूर्ण हुन्छ तसर्थ सबै संस्कारहरु मध्ये विवाहलाई महत्वपूर्ण संस्कारको रुपमा लिइन्छ । कानुनलाई हिन्दुहरुले धर्मको रुपमा एक हाँगा मानेका छन् । त्यसैले विवाह गर्नु पनि धार्मिक कार्यका रुपमा लिइन्छ ।

क्षत्री समाजमा बढ्दै गएको दाइजोको होडबाजी सम्बन्धी धारणा अध्ययन गरिएको छ । अधिकांश उत्तरदाताको मागी विवाह भएको र विवाह गर्दा दाइजोको नाममा अनावश्यक खर्च भएकोले यस सम्बन्धी उत्तरदाताहरुको राय बुझ्ने प्रयास गरिएको छ । जसलाई तलको तालिकामा देखाइएको छ :

**तालिका ५.११ उत्तरदाताको दाइजो प्रथा सम्बन्धी धारणा**

| उत्तरदताको दाइजो प्रथा सम्बन्धी धारणा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| राम्रो छ | ४ | ४.४४ |
| नराम्रो लाग्छ | ८० | ८८.८८ |
| थाहा छैन | ६ | ६.६६ |
| जम्मा | ९० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०६९ ।

तालिका नं. ५.११ अनुसार के प्रस्ट हुन्छ भने दाइजो प्रथा राम्रो छ भन्ने उत्तरदाता सबैभन्दा कम अर्थात् ४.४४ प्रतिशत, थाहा छैन भन्ने उत्तरमा ६.६६ प्रतिशत र दाइजो प्रथाले समाजलाई उन्नतितिर होइन अवउन्नतितिर धकेल्दछ भन्ने उत्तरदाताहरु सबैभन्दा बढी ९३.१ प्रतिशत रहेको छ । उनीहरुको धारणा अनुसार छोरीलाई दाइजो होइन उचित शिक्षा र अवसर प्रदान गर्न सकेमा भविष्यमा आफ्नो खुट्टामा आफै उभिन सक्ने र परनिर्भर हुन नपर्ने धारणा स्वरूप दाइजो लिनु र दिनु दुबै सामाजिक अपराध हो र यसलाई विस्तारै शिक्षित वर्गको उन्मूलन गर्दै अरुको धन ताक्ने प्रवृत्ति निर्मूल पार्नु पर्ने धारणा व्यक्त गरिएको छ ।

## ५.४ विवाहको सीमा (निषेध)

हिन्दु समाजमा मर्यादित एवम् अत्यावश्यक रूपमा रहेको विवाह सम्बन्धी केही सीमाहरू तोकिएका छन् । यस मध्ये कुनै सर्तको दायराभित्र सीमित गराइएको पाइन्छ भने कुनैलाई त वर्जित नै गरिएको पनि छ । यस धर्मभिरु हिन्दु समाजमा धर्मशास्त्रद्वारा समर्थित गरिएको नियम भित्र सीमित रहेर गरिएको विवाह यस लोकमा मर्यादित हुन्छ र परलोकमा पनि स्वर्ग प्राप्तिको निमित्त सहायक बन्दछ (पन्थी, २०४२) । यदि विवाहमा राखेको सीमा नाघेर कसैले विवाह गर्दछ भने उसलाई समाजबाट बहिष्कार गरिन्छ । उसको जात भ्रष्ट मानिन्छ । उसले कुनै धार्मिक विधि विधानमा भाग लिन पाउँदैन । अध्ययन क्षेत्रका क्षत्री समुदायमा पनि यस किसिको सीमा रहेको पाइन्छ जुन हिन्दु धर्म शास्त्र अनुसार विवाह सम्बन्धी तोकिएको सीमा यस प्रकार छः

### ५.४.१ सगोत्र विवाह

हाम्रो हिन्दु समाजमा सगोत्री विवाहलाई पूर्ण रूपमा बहिष्कार गरिएको छ । सबै हिन्दुहरू केही सीमित गोत्रमा विभक्त भएको हुनाले गोत्रको विस्तारै बसै वर्णमा पुगेको छ । अन्तरजातीय विवाहमा पनि गोत्र फरक पार्ने प्रयास गरिन्छ । अतः हाम्रो हिन्दु समाजमा गोत्रको दृष्टिकोणमा गोत्र आठ ऋषिहरूको नाउँ हो, गोत्र आर्यहरूको आर्थिक र वैवाहिक सम्बन्धहरूको आधार हो (बराल, २०५०) ।

जे होस् वर्तमानमा आएर यिनै ऋषिहरूको शाखा सन्तानको रूपमा गोत्रको विभाजन भएको विश्वास गरिन्छ  र एउटै गोत्रमा परेका सबै जातिहरूलाई एउटै ऋषिको सन्तानको रूपमा लिई एउटै परिवार भित्रका भनेर विवाह गर्नु हुँदैन भन्ने मान्यता छ भने

अर्को मान्यता अनुसार जसरी अन्नादिको खेती गर्दा एउटै बिउलाई एउटै खेतवारीमा वर्षैपिच्छे प्रयोग गर्दाले विरुवा राम्ररी नसप्रने, राम्रो फल नदिने, बिउ राम्ररी नउम्रने कारणले गर्दा उत्पादन घट्ने गर्दछ, त्यसरी नै एक गोत्र वा एक वंशमा जन्मेका स्त्री पुरुषमा वैवाहिक सम्बन्ध कायम गर्नाले भावी सन्तानको विकास क्रमशः ह्रास हुन सक्दछ र यसले बच्चाको शारीरिक ढाँचामा विकृति ल्याउने, शारीरिक रूपले योग्य देखिए तापनि वौद्धिक रूपमा त्यति सक्षम नहुने आदि समस्याहरू देखिन सक्ने भएकाले क्षेत्र परिवर्तन र बिज परिवर्तन नै महत्वपूर्ण कारकका रूपमा देखिन्छन् भने जातीय प्रजनन शास्त्रको दृष्टिकोणबाट पनि यसो नगर्नु वाञ्छनीय देखिन्छ (पन्थी, २०४२) ।

त्यसै कारणले गर्दा हिन्दु धर्म शास्त्रअनुसार क्षत्री समाजमा केटी छिन्ने बेलामा नै थर, गोत्र आदि सोधेर मात्रै विवाह प्रक्रिया अगाडि बढाउने प्रचलन रहँदै आएको छ । त्यसैले गर्दा अध्ययन क्षेत्रमा रहेका क्षत्री समुदायमा विवाहको सीमा अन्तर्गत सगोत्री विवाहलाई मान्यता दिएको पाइँदैन ।

## ५.४.२ सपिण्ड विवाह

सगोत्री जस्तै सपिण्ड विवाहलाई पनि हिन्दु समाजमा निषेध गरिएको छ । सपिण्ड भन्नाले एउटै पिण्डलाई कहलाउँदछ (बराल, २०५०) । वास्तवमा सपिण्ड भन्नाले बाबुपट्टिका ५ पुस्ता र आमापट्टिका ३ पुस्ता भित्रका नातेदारहरूलाई नै साधारणतया मानिन्छ (घिमिरे, २०३२) । यस्तै एउटै भान्छामा भान्छा गर्नेहरूलाई पनि सपिण्ड भनिन्छ । जस्तो दाजु बहिनी, आमा छोरा जे होस् आमाबाट पाँचौं र बाबुबाट सातौं पुस्ताभन्दा माथि सपिण्ड नरहने भएकोले विवाह गर्नुहुन्छ र आमा र बाबुको पाँचौं र सातौं पुस्ता भित्र विवाह गर्न वर्जित मानिन्छ । बाबुपट्टिको नातेदार र रक्त सम्बन्धीहरूसँग मुसलमान बाहेक सम्भवतः सबै समाजमा विवाह निषेध छ । त्यस्तै अध्ययन क्षेत्रका क्षत्री जातिमा पनि सपिण्ड बाहिर नै विवाह भएको पाइन्छ । यिनीहरूले पनि हाडनाता र रगतको सम्बन्ध भित्र विहेबारी गरेको पाइँदैन ।

## ५.४.३ प्रवर विवाह

सपिण्ड र सगोत्री विवाहलाई हिन्दु समाजमा वर्जित गरिएझैं प्रवर विवाहलाई पनि हिन्दु समाजमा वर्जित गरिएको छ । डा.पि.भि काणेको भनाइ अनुसार सगोत्री भनेको कुनै पनि व्यक्तिको सुरुको पुर्खा वा पूर्वजहरूमध्ये कुनै एक हो जसको नाउँबाट उसको परिवार

प्रसिद्ध भएका छन् तर प्रवर प्रचलन गर्नेहरू भने प्राचीनकालमा सारै प्रसिद्ध ऋषिहरू थिए । अर्थात् गोत्र अर्वाचीन आठ ऋषिहरूको नाउँ हो भने प्रवर ती आठ ऋषीहरूको पनि प्राचीन वंश प्रवर्तकहरूको नाउँ हो (बराल, २०५०) ।  त्यसैले गर्दा प्राचीनकालदेखि नै वर्जित गरिएको यस किसिमको विवाह क्षत्री समाजमा पनि वर्जित नै रहेको पाइन्छ ।

## ५.४.४ अनुलोम र प्रतिलोम विवाह

अनुमोल विवाह भनेको त्यो हो, जसमा माथिल्लो वर्णको वरसँग तल्लो वर्णकी कन्याको विवाह हुन्छ । यसको ठिक उल्टो प्रतिलोम विवाह भनेको यस्तो विवाहलाई जनाउँछ जसमा माथिल्लो वर्ण वा जातको केटीसँग तल्लो जातको केटाको विवाह हुनु हाम्रो हिन्दु समाजमा अनुलोम विवाह गर्न हुने व्यवस्था पाइन्छ । यस्तो विवाह वैदिक युगमा पनि चलेको देखिन्छ । पराशरका मतअनुसार एक ब्राह्मणको तिन पत्नी हुन सक्छ, क्षत्रीयको दुई हुन सक्दछन् र वैश्यका एक मात्र (पन्थी, २०४२) । यसको मतलव आफुभन्दा तल्लो वर्णको कन्यासँग विवाह गर्न यसबेला पनि छुट थियो तर प्रतिलोम विवाह भएको छ र उनीहरूबाट सन्तानको जन्म भएको छ भने त्यसलाई वर्णशंकर हुन्छ भनिएको छ । यस्तो वर्णशंकरहरूले दिएको तिजाञ्जलि पितृहरूले पाउँदैनन् । अनुलोम र प्रतिलोम विवाह आधुनिक समयमा विभिन्न जाति तथा जनजातिहरूमा प्रचलनमा आएको पाइन्छ ।

## ५.५ विवाहको रूप, अनुष्ठान र स्वरूप

मर्यादित एवम् प्रमुख संस्कारको रूपमा विवाहलाई हिन्दु समाजले लिने गरे तापनि यसको स्वरूप र अनुष्ठानमा एक रूपता पाइँदैन । बसाइँ सराइँको क्रममा आफूसँगै बोकेर आएको संस्कृति अथवा विभिन्न सांस्कृतिक उपसमूहहरू आपसमा घुलमिल भई सम्पूर्ण नेपाली समाजको निर्माण भएको छ ।  त्यसैले नेपाली समाजमा विवाहका अनुष्ठानमा एकरूपता छैन जुन अति स्वाभाविक पनि छ । जन्तीसँगै दुलाह जानु र दुलाहले दुलहीको सिउँदोमा सिन्दूर हाल्नु नेपाली समाजको विवाहको सर्वव्यापक प्रचलन वा अनुष्ठान हो ।

केही वर्ष अघिसम्म यस क्षेत्रमा विवाह कार्य गर्दा राती जन्ती लगेर भोलिपल्ट बेहुली ल्याउने चलन थियो । बेहुलीको घरमा जन्ती जाने मानिसहरूलाई बेलुका खाना दिने चलन थियो र भोलिपल्ट केटाको तर्फबाट बहुभत्तेर दिने चलन थियो । तर हाल आएर विहान जन्ती लगेर बेलुका फर्काउने चलन छ ।

## ५.६ विवाहमा यौनाचार

विश्वका केही समाजमा झैँ नेपाली समाजमा केही जातिहरूमा विवाह पूर्व यौनाचार असमान्य देखिदैन । नेपालको उच्च हिमशिखरको आसपासमा बसोवास गर्ने विशेष गरेर शेर्पा जातिहरूमा विवाह पूर्व यौन स्वतन्त्रता पाइन्छ । यस्तै मध्य पर्वत उपत्यकामा बस्ने राई, लिम्बु, याखा, तामाङ, गुरुङ, मगर, चेपाङ, सुनवार, जिरेल र तराईका थारु, धिमाल, सतार आदि जातिमा विवाहपूर्व यौनाचारको निमित्त विशेष सजायको भागिदार बन्नु पर्दैन । अविवाहित राई केटी गर्भवती भएमा उसलाई गर्भवती तुल्याउनेले या त विवाह गर्नु पर्छ या सुत्केरी खर्च दिए पुग्छ (विष्ट, १९७२) । अतः नेपालका विभिन्न जातिहरूमा विवाह अघि यस्तो यौन स्वतन्त्रताहरू देखिए तापनि अध्ययन क्षेत्रमा बसोवास गर्ने क्षत्री जातिमा यस्तो किसिमको परम्परा रहेको पाइँदैन ।

# एकाइ - छ

# सारांश, निष्कर्ष र सुझावहरु

## ६.१ सारांश

विवाह एक स्वास्नी मानिस र लोग्ने मानिस बिच दाम्पत्य जीवनको सुरुवात तथा संगमको एक सामाजिक प्रक्रिया भएकाले इच्छा पूर्वकको जीवनयापन गर्ने संयोग हो । हिन्दु धर्म अनुसार दाम्पत्य जीवनको सुरुवातसँग यौनिक सम्पर्कको सुरुवात हुन्छ । नेपालमा बसोवास गर्ने विभिन्न जातजातिहरूमध्ये क्षत्री जाति पनि एउटा प्रमुख जाति हो । नेपाली समाजमा क्षत्री जातिको आफ्नै परम्परा, संस्कार, भाषा, धर्म, मूल्यमान्यता,  संस्कृति र विभिन्न चालचलन रहेको पाइन्छ । यो अध्ययन क्षत्री जातिको विवाह पद्धतिको बारेमा अध्ययन गरिएको छ । यस अध्ययनको समस्याहरुमा क्षत्री जातिको पारिवारिक संरचना र संस्कार के कस्तो छ ? क्षत्री जातिको परम्परागत वैवाहिक पद्धतिको कस्तो रुप रहँदै आएको छ ? क्षत्री जातिमा आधुनिक समयको प्रभावले विवाह पद्धतिमा के कस्तो प्रभाव पारेको छ ? यस अध्ययनको उदेयश्यहरुमा क्षत्री जातिको पारिवारिक अवस्थावारे विश्लेषण गर्ने, क्षत्री जातिमा परम्परागत विवाहको स्थिति विश्लेषण गर्ने , क्षत्री जातिमा आधुनिकताले वैवाहिक स्थितिमा के परिवर्तन ल्यायो चर्चा गर्नु । यस अध्ययनका महत्वमा समग्रमा क्षत्री जातिको वैवाहिक पद्धतिको बारेमा प्रचलनमा रहेका विषयलाई समेट्ने कोसिस गरिएको छ । त्यस्तै सामाजिक संस्थाहरूको बारेमा जानकारी लिन इच्छुक व्यक्ति वा संस्थाहरूलाई समेत यो शोधपत्रले सहयोग पुऱ्याउने छ । अध्ययनका सीमाहरुमा कीर्तिपुर नगरपालिका वडा नं. १२ मा बसोवास गर्ने क्षत्री जातिको वैवाहिक पद्धतिको बारेमा अध्ययन गरिएको छ । क्षत्रीहरूको कूल घरसङ्ख्या ९० लाई समेट्ने गरी घरधुरी सर्वेक्षण गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यो अध्ययन नितान्त स्थानीय रितिरिवाज एवम् प्रचलनसँग सम्बन्धीत भएकाले अन्य क्षेत्रको अध्ययनसँग नमिल्न पनि सक्दछ । यो शोधपत्र तयार पार्ने क्रममा सीमित समय, स्रोत साधन, आर्थिक पक्ष आदिलाई मध्यनजर गर्दै निश्चित समय सीमाको पावन्दी भित्र रही अध्ययन गरिएको छ । अनुसन्धान विधिहरुमा मौखिक अन्तरवार्ता अनुसूची, अवलोकन, घरधुरी सर्वेक्षण आदिबाट तथ्याङ्क सङ्कलन गरिएको छ भने यस अनुसन्धानको ढाँचा वर्णनात्मक र अन्वेषणात्मक शैलीमा शोधपत्र तयार गरिएको छ । यस अध्ययन विभिन्न तथ्याङ्कको आधारमा तालिकीकरण गर्दा निम्न प्रप्तिहरु निकालिएका छन् ।

**मुख्य प्रप्तिहरु :**

- यस अध्ययनमा कम उमेर र बढी उमेरका भन्दा बिचको उमेरका उत्तरदाताहरु बढी संलग्न भएको पाइयो ।
- पारिवारिक संरचना अन्तर्गत नमुना छनोटमा परेका उत्तरदाताहरूको ९० परिवारमध्ये एकात्मक परिवारको सङ्ख्या ५६ (६२.२० प्रतिशत), संयुक्त परिवारको सङ्ख्या २४ (२६.७० प्रतिशत), बृहत् परिवारको सङ्ख्या १० (११.१० प्रतिशत) रहेको पाइयो ।
- त्यसैगरी पारिवारिक संरचना अन्तर्गत नमुना छनोटमा परेका उत्तरदाताहरूको धेरै सानो १-२ सदस्य भएको परिवारको सङ्ख्या ४ (४.४४ प्रतिशत), सानो परिवार ३-५ सदस्य भएको ४६ (५१.११ प्रतिशत), मध्यम परिवार ६-८ सदस्य भएको परिवार २८ (३१.११ प्रतिशत) र ठुलो परिवार ९ सदस्य भएको परिवार सङ्ख्या १२ (१३.३३ प्रतिशत) रहेको पाइयो ।
- शिक्षाको कमी, परम्परागत धारणा, बुढेसकालमा छोराको साहरा लिनुपर्ने र वंश स्थायित्वको कारणले गर्दा उत्तरदाताको इच्छा अनुसार छोरा चाहने ५५.५ प्रतिशत रहेको पाइयो । त्यसैगरी छोरीको चाहना गर्ने ११.११ प्रतिशत र छोराछोरी जे भए पनि हुने ३३.३ प्रतिशत रहेको पाइयो ।
- नमुना छनोटमा परेका उत्तरदाताहरुको पारिवारिक पेसाको आधारमा वर्गीकरण गर्दा नोकरी पेसामा लाग्ने पुरुषको सङ्ख्या ६६.६६ प्रतिशत संलग्न रहेका छन् भने महिलाको सङ्ख्या १५.५५ प्रतिशत रहेको छ । त्यसैगरी कृषि पेसा अंगाल्ने पुरुषको सङ्ख्या १३.३३ प्रतिशत र महिलाको सङ्ख्या ५३.९ प्रतिशत रहेको छ । व्यापारमा पुरुषको ११.११ प्रतिशत र महिलाको सङ्ख्या १०.६६ प्रतिशत रहेको छ । घरायसी कामधन्दामा लाग्ने पुरुषको सङ्ख्या ८.८८ प्रतिशत र महिलाको सङ्ख्या २१.७२% रहेको छ । पुरुष तथा महिलाहरु नोकरी पेसामा लागेता पनि उनीहरुको सहायक पेसा कृषि रहेको छ ।
- अध्ययन क्षेत्रमा रहेका क्षत्री जातिको कुल जनसङ्ख्या ५१२ मध्ये सक्रिय जनसङ्ख्या ३९४ (७६.९५ प्रतिशत ) र निष्क्रिय जनसङ्ख्या ११८ (२३.०४ प्रतिशत ) रहेको पाइयो ।

- परिवार विखण्डन हुनुको कारणको प्रश्नको उत्तरदाताहरूको जवाफमा घरमुलीको नियन्त्रणमा बस्न नचाहेर भन्नेहरूको सङ्ख्या १८ (२० प्रतिशत ), घरायसी झैझगडाको कारणबाट ३२ (३५.५५ प्रतिशत ), घरभन्दा टाढा रोजगारीको कारण ३० (३३.३३) र अन्य कारणमा १० (११.१२) रहेको छ ।
- नमुना  छनोटमा परेका उत्तरदाताहरूको विवाह गर्दाको उमेरमा १५-२० वर्षको उमेरमा ४८ (५३.३३ प्रतिशत ), २१-२५ वर्षको उमेरमा २६ (२८.८८ प्रतिशत ) र २५ वर्ष माथि १६ (१७.७७ प्रतिशत )  रहेको छ ।
- नमुना छनोटमा परेका उत्तरदाताहरूको एकपत्नी विवाह ८० (८७.३३ प्रतिशत), बहुपत्नी विवाह ६ (६.६६ प्रतिशत), विधूर वा विधवा विवाह ४ (४.४४ प्रतिशत) रहेको छ ।
- त्यस्तै गरी नमुना छनोटमा परेका उत्तरदाताहरूको विवाह आमाबाबुको मन्जुरीबाट अर्थात् मागी विवाह अन्तर्गत ७२ (७५.५ प्रतिशत), प्रेम विवाह गर्नेहरूको सङ्ख्या १० (११.११ प्रतिशत), अन्तरजातीय विवाह गर्नेको सङ्ख्या ८ (८.८८ प्रतिशत) र भागी वा चोरी विवाह गर्नेको सङ्ख्या २ (२.२२ प्रतिशत ) रहेको छ ।

## ६.२ निष्कर्ष

यहाँका क्षत्री जातिहरूको आफ्नै परम्परागत सामाजिक, सांस्कृतिक विशेषताहरू छन् । दिन प्रतिदिन भएको विकास, प्राविधिक प्रगति, विश्वव्यापीकरण आदिका कारणले यस समुदायका मानिसको सामाजिक, आर्थिक र सांस्कृतिक मूल्यमान्यतामा परिवर्तन हुँदै गएको छ । जसमा जन्म, मृत्यु र विवाह संस्कार, चाडपर्व र अन्य धार्मिक संस्कार र परम्परामा पनि परिवर्तन हुँदै आएको छ । यस समुदायमा विकासका कारण शिक्षा, चेतना र आर्थिक पक्षमा सुधार भए पनि पुरानो परम्परा र मूल्यमान्यतामा भने दिन प्रतिदिन परिवर्तन देख्न सकिन्छ । छोरीहरूलाई शिक्षाबाट वञ्चित तथा कम उमेरमा विवाह गरिदिनु पर्छ भन्ने मान्यतामा परिवर्तन आई ढिलो विवाह गर्ने, छोरा सरह शिक्षा  दिनुपर्दछ भनेर विद्यालय पठाउने गरेको पाइन्छ । हालका दिनहरूमा आर्थिक पक्षलाई मात्र जोड दिई सामूहिक सहयोगको भावनामा पनि कमी हुँदै गएको पाइन्छ ।

मागी विवाह चलन चल्तीमा रहे पनि शुभ/अशुभ, ग्रह दशा आदि धेरै कुरामा त्यति महत्व दिइँदैन भने विवाह गर्ने विधि र परम्परामा पनि समय अनुसार चल्ने गर्दछन् । विवाह गर्ने समय धेरै नलगाई छोट्याएर एक दिनको विवाह गर्ने परिपाटी चलेको पाइन्छ । विवाह गर्दा धेरै पकारका पूजाआजा विधि र विधान प्रयोग नगरी गर्नुपर्ने महत्वपूर्ण कार्य मात्र गर्ने गरिन्छ । हालका दिनहरूमा केटी माग्ने, छान्ने परम्परामा अभिभावकसँग मात्र सम्बन्धीत नगराई केटी र केटाको मन्जुरीमा समेत ध्यान दिइन्छ । हालका दिनहरूमा विवाहमा राम्रो खानपान, लुगा कपडा, गहना आदिमा बढी खर्च गर्ने गरिन्छ । त्यसैगरी पहिलेको तुलनामा दाइजोमा पनि फरक रहेको पाइन्छ । देखासिकीका कारणले दाइजो राम्रोसँग दिनुपर्दछ भन्ने परिपाटिको विकास भएको पाइन्छ । प्रेम विवाह पनि समाजमा बढी चलनचल्तीमा रहेको पाइन्छ । हालका दिनमा शिक्षा चेतना आदिको विकास र उमेरका आधारले परिपक्व भइसकेको अवस्थामा विवाह गर्ने भएकाले प्रेम विवाह बढेको पाइन्छ । अन्तरजातीय विवाह यस समाजमा त्यति चलन चल्तीमा नभए पनि फाटफुट हुने गर्दछ तर त्यसलाई समाजले त्यति मान्यता दिएको पाइँदैन । विधूर विधवा विवाह भने रहेको पाइन्छ । हालका दिनहरूमा चोरी विवाह प्रचलनमा नभएको पाइन्छ । जारी विवाह पनि दुबै लोग्ने स्वास्नी बिच मनमुटाव भएमा सम्बन्ध विच्छेद हुने भएकाले कम मात्रामा रहेको पाइन्छ ।

विवाहका समयमा विभिन्न व्यक्तिहरूको आफ्नै किसिमको भूमिका रहेको पाइन्छ । नातेदारहरूले विवाहमा केटी माग्ने कुरा चलाउने भन्दा पनि सहयोगीको भूमिका खेल्ने गर्दछन् । दिदीबहिनी र फुपूले पनि विवाहमा सहयोगीको भूमिका खेल्दछन् भने आमा बाबुले विवाहलाई कसरी सम्पन्न गर्ने भन्ने जिम्मेवारी लिएका हुन्छन् । हालको विवाहमा विभिन्न कारणले गर्दा ज्योतिष, पण्डित आदिको भूमिकामा पनि परिवर्तन देख्न सकिन्छ । पहिलेको जस्तो यिनीहरूले धेरै हेर्ने बुझ्ने विधि विधानले विवाह सम्पन्न गर्ने नगरी सामान्य विधि पुऱ्याएर गर्ने गरेको पाइन्छ । दमाई र अन्य दलित जातिका मानिसहरू पनि विवाह हुनु नै पर्दछ भन्ने छैन भए पनि पहिलेको जस्तो धेरै कम गर्नु पर्दछ भन्ने छैन । डोली बोक्ने चलनमा परिवर्तन आइ सवारी साधनमा दुलहा/दुलहीलाई लैजाने गरिन्छ ।

## ६.३ सुझावहरु

यस अध्ययनको समग्र निष्कर्षहरुको आधारमा निम्न सुझावहरु निकालिएका छन् :

- यस क्षेत्रमा अहिले पनि कसै कसैले आफ्नो छोराछोरीको विवाह चाँडै गरिदिने प्रचलन रहेको छ । कलिलै उमेरमा विवाह गरी दिनाले जन्मदरमा बृद्धि हुनुका साथै जनसङ्ख्या सम्बन्धी समस्या उत्पन्न हुन सक्छ । अतः यसबारे उनीहरुलाई राम्ररी सम्झाई बुझाई छिटो विवाह गर्ने परम्परालाई हटाउनु पर्दछ ।
- प्रायः गरेर प्रौढ अवस्थाका महिलाहरु विशेष गरी शिक्षाको घामबाट ओझेलमा परेका छन् । यहाँका महिलाहरुको शैक्षिक स्तर उकास्न विभिन्न शैक्षिक कार्यक्रमहरुको व्यवस्था गरिनु पर्दछ । यसको साथै महिलाहरुको लागि सिपमूलक कार्यक्रम र वैकल्पिक रोगजारको व्यवस्था गरिनु पर्दछ ।
- देशको ठुलो तथा पुरानो विश्वविद्यालयको नजिकै रहेको क्षेत्र भएर पनि शिक्षा क्षेत्रमा यहाँका जनताले विशेष उपलब्धि हासिल गर्न सकेका छैनन् । तर भावी सन्ततीलाई शिक्षाको उपलब्धि हासिल गराउन आवश्यक देखिन्छ ।
- विवाह गर्ने केटा पक्षले केटीको घरको धनसम्पत्तिलाई भन्दा बढी केटीको गुण, शिक्षा, योग्यतालाई ध्यान दिनु पर्छ ।
- अभिभावकले छोरीको विवाहमा दाइजोलाई भन्दा उसको शिक्षालाई बढी प्रश्रय दिनु पर्छ ।

धन्यवाद !

# सन्दर्भ सामग्री


अधिकारी, कृष्ण प्रसाद २०५४, गुरुङ विवाह र परिवारको बदलिदो स्वरूप, कास्की जिल्ला, कालिका गा.वि.स. को एक अध्ययन, त्रि.वि., समाजशास्त्र⁄ मानवशास्त्र विभाग शोधपत्र पृथ्वीनारयण क्म्यापस, पोखरा ।

उप्रेती, शिव प्रसाद २०६९, छेकम्पारमा जवरजस्ती विवाह प्रथा कायमै अन्नपूर्ण पोस्ट, वैशाख १९ गते ।

खत्री, प्रेम र पेशल दाहाल २०५३, नेपालको सामाजिक इतिहास  काठमाडौं : साझा प्रकाशन ।

चालिसे, नवराज २०२१,  प्राचिन हिन्दु अर्थशास्त्रको रूपरेखा काठमाडौं :  मदन पुरस्कार गुठी ।

तिवारी, गोपाल निधि २०२६, विवाहको आध्यात्मिक पक्ष, मधुपर्क, वर्ष २, अङ्क ९ माघ ।

पन्थी, लक्ष्मीकान्त २०४२, व्रतवन्ध तथा विवाह संस्कार काठमाडौं : लेखक स्वयम् ।

बराल, वाशु २०५०, हिन्दु सामाीजक संगठनको प्रारूप  काठमाडौं साझा प्रकाशन ।

बराल, रामचन्द्र २०५७, विवाह विच्छेदका कारण र असर : पोखरा उपत्यकाका तागाधारी पारपाचुकेमा आधारित सामाजिक अध्ययन, स्नातकोत्तर शोधपत्र, त्रि.वि ।

बराल, गीतादेवी २०६१, पुम्दीभुम्दी गा.वि.स.को अध्ययनमा आधारित, ग्रामीण महिलाहरुमा दाइजोप्रतिको धारणा, शोधपत्र पृथ्वीनारायण क्याम्पस पोखरा ।

बिष्ट, डोर बहादुर २०६४, सबै जातको फुलबारी ललितपुर : साझा प्रकाशन ।

भट्ट, विनोदकुमार २०६९, सुदूरपश्चिमा खस जातिको विवाह संस्कृति र त्यसमा आएको परिवर्तन एक समाजशास्त्रीय अध्ययन, शोध पत्र  त्रि.वि., समाज शास्त्र⁄मानव शास्त्र  विभाग

भट्टराई, हर्षनाथ २०४६, हाम्रो समाजको अटल आधारः विवाह, प्रज्ञा, काठमाडौं, वर्ष १८,।

माइत्रा, अन्जना १९९३, विमेन इन अ चेन्जिङ्ग सोसाइटी,  न्यु दिल्लीः आशिष पब्लिसिङ हाउस,

मिश्र, चैतन्य २०५७, विवाहको अर्थ-राजनीति, मूल्याङ्कन, ।

मल्ल, खड्गमान (अनुवादक) २०४७, नेपाल हिमालका जनजातिहरू काठमाडौंः जोरगणेश प्रेस प्रा.लि.,

मजुम्दर, डी.एन.एन्ड मेडम जी.एन. १९८६, एन इन्ट्रोडक्सन टु सोसियल एन्थ्रोपोलोजी, न्यु दिल्ली नेसनल पब्लिसिङ हाउस ।

शर्मा, टिकाकार मिहिरचन्द्र १९८०, याज्ञवल्क्य स्मृति मुम्बईः श्रीकृष्ण दासात्यज गंगाविष्णो ।

शर्मा, जनकलाल २०३९, हाम्रो समाज एक अध्ययन, काठमाडौंः साझा प्रकाशन ।

शर्मा, मनोज कुमार २०६८, ब्राह्मण क्षत्री समूहको विवाह संस्कारमा आएका परिवर्तनहरु, स्याङ्जा जिल्लाको फेदीखोलामा आधारित एक अध्ययन, अप्रकाशित शोत्र पत्र, पृथ्वी नारायण बहुमुखी क्याम्पस ।

शाक्य, पदम कुमारी २०५७, कीर्तिपुर नगरपालिका जाखा गाउँका महिलाहरूको शैक्षिक स्थिति एक अध्ययन त्रि.वि. समाजशास्त्र/मानवशास्त्र विभाग (स्नातकोत्तर तहको अप्रकाशित शोध पत्र) ।

सिवाकोटी, अनिता २०६८, महँगो, झन् झन् महँगो विहे, कान्तिपुर साप्ताहिक, १६ मंसिर ।

सुवेदी, मधु सूदन २०५६, हिन्दु विवाहको इतिहास काठमाडौंः क्वालिटी प्रिन्टर्स ।

बेनेट, लिन (१९९८), डेन्जरस वाइफस् एन्ड सेक्रेट सिस्टर्स् न्युयोर्कः कोलम्बिया युनिर्भसिटी प्रेस ।

क्षत्री, दिल बहादुर २०६६, आदिवासी, खस क्षत्रीः विश्लेषणात्मक अध्ययन क्षत्री आवाज, पोखराः क्षत्री समाज कास्की ।

श्रेष्ठ, रमा २०५६, चापागाउँ गा.वि.स. स्थित प्याङगाउँको महर्जन जातिको परिवारमा प्रचलित विवाह परम्परा बारे एक समाजशास्त्रीय अध्ययन त्रि.वि., समाज शास्त्र/मानव शास्त्र विभाग (स्नातकोत्तर तहको अप्रकाशित शोध पत्र) ।

श्रेष्ठ, ज्ञान बहादुर २०६२, ऐन सङ्ग्रह काठमाडौंः पैरवी प्रकाशन ।

# अनुसूची

## क्षत्री जातिको परिवार र विवाहको स्थितिबारे एक प्रश्नवली सूची

जाति :

अध्ययन :

१) सामान्य विवरण

जिल्ला : न.पा. / गा.वि.स. : वडा नं. :

गाउँ :

घरमुलीको नाम :

२) तपाइँको परिवारमा सदस्य सङ्ख्या कति छन् ?

जम्मा सङ्ख्या : पुरुष महिला

३) पारिवारिक विवरण

३.१) कृपया तपाइँको परिवारको सदस्य बारे वस्तृत विवरण दिनुहोस् (घरमुलीको नाम समेत)

| क्र.सं | नाम | घरमुलीसँगको नाता | लिङ्ग | उमेर | वैवाहिक स्थिति | शिक्षा | सिप/ तालिम | पेसा | अन्य केही |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |
| ८ | | | | | | | | | |
| ९ | | | | | | | | | |
| १० | | | | | | | | | |

४. तपाइँको गाउँमा विद्यालय छ ?

क) छ (ख) छैन

५. यदि विद्यालय छ भने कुन स्तरको ?

क) प्राथमिक विद्यालय (ख) निम्न माध्यमिक (ग) माध्यमिक / +२ स्तरको

६. तपाइँ कुन परिवारमा बस्नु हुन्छ ?

(क) संयुक्त परिवार (ख) एकात्मक परिवार

७. तपाइँको परिवारमा कति जना सदस्य सङ्ख्या छन्रू ?

८. के तपाइँलाई संयुक्त परिवार वा एकात्मक परिवार मन पर्छ ?

(क) संयुक्त परिवार (ख) एकात्मक परिवार

९. एकात्मक परिवार मन पर्नाको कारण ?

क) बालवच्चाको हेरचाह राम्रो हुने गर्दछ ।

ख) नियम र कानुनको पालना गर्नु नपर्ने ।

ग) घरमा स्वतन्त्रता

घ) आम्दानीमा कुनै किसिमको बाधा नहुने ।

१०. संयुक्त परिवार मन पर्छ भने त्यसका कारण के के हुन् ?

क) संयुक्त आय

ख) आर्थिक र सामाजिक सुरक्षा

ग) संयुक्त सम्पत्ति

घ) संयुक्त भान्छा

ङ) संयुक्त बसाइ

च) संयुक्त काम गर्ने

११. के तपाइँ विवाह भएको छोरासँग बस्न चाहनु हुन्छ ?

क) हुन्छ (ख) हुँदैन

१२. यदि चाहनु हुन्छ भने किन ?

१३. तपाइँको विचारमा संयुक्त परिवार विखण्डन हुनाको कारण ?

क) घरमुलीको अधिरकार मन नपरेर

ख) घरमा झैझगडाको कारण

ग) ठुलो परिवार भएर

घ) परिवार सदस्यको आर्थिक स्थिति वृद्धि भएर

ङ) घरदेखि टाढा रोजगारी भएर

च)  अन्य

१४. तपाइँहरूको जातिको उत्पत्तिको सम्बन्धमा तपाइँलाई के थाहा छ ?

१५.  तपाइँको समाजमा प्रतिष्ठित व्यक्ति को हुन्छ ?

१६. तपाइँले कति वर्षको उमेरमा विवाह गर्नु भएको ? ............. वर्ष

१७. तपाइँको विवाह कसरी भएको हो ?

क) सकारात्मक    (ख) नकरात्मक

१८. अन्तरजातीय विवाहको सम्बन्धमा तपाइँको विचार कस्तो छ ?

क) सकारात्मक    (ख) नकरात्मक

१९. के तपाइँहरूको आफ्नै गोत्रमा विवाह हुन्छ ?

क) हुन्छ    (ख) हुँदैन

२०. तपाइँहरूको गाउँमा केटा अथवा केटीको दोस्रो विवाह स्वीकार योग्य छ कि छैन ?

२१. तपाइँहरूको समाजमा कुन कुन प्रकारको विवाह बढी चलन चल्तीमा रहेको देखिन्छ ?

क) एक पत्नी विवाह    (ख) बहुपत्नी

ग) बहुपति    (घ) अन्य    (ङ) नखुलाउने

२२. तपाइँको समाजमा कुन उमेरलाई विवाहको लागि उपयुक्त ठान्नु हुन्छ ?

पुरुषको लागि ......... वर्ष    महिलाको लागि ............ वर्ष

२३. तपाइँको विवाहको विशेष गरेर कसको उमेर बढी हुन्छ ?

क) केटाको    (ख) केटीको    (ग) बरावरी

२४. के तपाइँ छ्रारीको विवाह चाँडै गर्न चाहनु हुन्छ ?

क) चाहन्छु    (ख) चाँहदिनँ

२५. तपाइँको जातिमा सामान्यतया केटा र केटीको कति कति उमेरमा विवाह हुन्छ ?

क) केटाको    (ख) केटीको

२६. तपाइँ आफ्नो परिवारमा छोरा वा छोरी कुन चाहिँलाई वढी मन पराउनु हुन्छ ?

क) छोरा (ख) छोरी (ग) दुबै बाराबर

२७. तपाइँको जातिको विवाह विशेष गरेर कुन कुन महिनामा हुने गर्दछ ?

२८. तपाइँको जातिको विवाहमा पुरेत राख्नु हुन्छ ?

२९. तपाइँको जातिमा वालविवाह देखिनुको मुख्य कारण के हो ?

३०. तपाइँको गाउँमा वैवाहिक परम्परामा पहिलेदेखि अहिलेसम्ममा परिवर्तन आएको छ ?

३१. तपाइँ विवाहलाई कनु रुपले हेर्नु हुन्छ ?

क) आवश्यकता (ख) सम्झौता

ग) परम्परादेखि चल्दै आएको नियमम (घ) अन्य

३२. के विवाह गर्नु मानिसको लागि आवश्यक छ ?

३३. यदि मानिसको लागि विवाह आवश्यक छ भने किन ?

क) वंश स्थिरताको लागि

ख) वृद्धा अवस्थामा आपसी सहयोगको लागि

ग) आर्थिक समझदारीको लागि

घ) यौन सन्तुष्टिका लागि

३४. तपाइँको गाउँमा जीवन साथीको चयनको लागि कस्को बढी अधिकार हुन्छ ?

क) आमा बाबुको (ख) नातेदारको (ग) आफै

३५. तपाइँको जातिमा विवाहको लागि कति पुस्तासम्मको नाताको बन्देज छ ?

क) आमाको पुस्ता (ख) बुबाको पुस्ता (ग) दुबैको पुस्ता

३६. के तपाइँको परिवारमा प्रेम विवाह राम्रो हुन्छ ?

३७. यदि हुन्छ भने किन ?

३८. के तपाइँको विचारमा एउटा व्यक्तिले पुनः विवाह गर्नु आवश्यक छ ?

क) छ (ख) छैन

३९. तपाइँको जातिको विवाहमा दाइजो माग्ने चलन छ ?

क) छ (ख) छैन

४०. यदि छ भने विशेष गरेर केलाई जोड दिइन्छ ?

क) पैसा (नगद) (ख) जग्गा जमिन (ग) अन्य

४१. तपाइँको जातिमा विवाह गर्दा विशेष गरी केटा पक्ष अथवा केटी पक्षको के के गुणहरूलाई ध्यान दिनु हुन्छ ?

क) केटा पक्ष (ख) केटी पक्ष

४२. तपाइँको जातिमा विवाह नभएको महिलालाई के कस्तो धारणाले हेरिन्छ ?

४३. तपाइँको जातिमा लोग्नेले छाडेको महिलाको स्थान कस्तो रहन्छ ?